# नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

# अन्तरिम विधान २०७८

सहयोग रु. ५०/-

# प्रस्तावना

नेपाल कम्युनिष्ट पार्टी नेपाली सर्वहारा श्रमजीवी वर्गका जनताको हित प्रतिनिधित्व गर्ने राजनीतिक संस्था हो । यसको स्थापना २२ अप्रिल १९४९ तदनुसार १० वैशाख २००६ मा भएको थियो । आफ्नो लामो इतिहासमा यो पार्टी अनेकौं प्रकारका फुट, विभाजन, पुनर्गठन र एकीकरणको प्रक्रियाबाट गुज्रिएर आएको छ र आज यो नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को रूपमा क्रियाशील छ । यस पार्टीलाई संक्षेपमा नेकपा (एकीकृत समाजवादी) भनिएको छ ।

यस पार्टीले आफ्नो स्थापना कालदेखि नै सङ्घर्षका शान्तिपूर्ण र सशस्त्र रूपहरू अवलम्बन गर्दै नेपाली राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको प्रत्याभूतिका लागि भएका विभिन्न प्रकारका जनआन्दोलन र जनक्रान्तिमा अग्रणी भुमिका निभाएको छ । २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिबाट सामन्ती राजतन्त्रको अन्त्य गरी सङ्घीयता, धर्म निरपेक्षता, समावेशीता, समानुपातिकताजस्ता विशेषतासहितको लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नमा यस पार्टीको निर्णायक भूमिका रहेको छ ।

यस पार्टीको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद हो । यो पार्टी समाजमा रहेका सबैखाले शोषण, उत्पीडन र विभेदहरूको अन्त्य गर्दै समानतासहितको स्वतन्त्रता अर्थात साम्यवादसम्म पुग्न सकिन्छ भन्ने विश्वास गर्दछ। क्रान्तिका उपलब्धीहरूको रक्षा गर्दै शान्तिपूर्ण सङ्घर्ष र लोकतान्त्रिक विधिबाट मुलुकको आर्थिक सामाजिक रूपान्तरणसहित राष्ट्रिय पुँजीको विकास गरेर सामाजिक न्याय र लोकतान्त्रिक मूल्य मान्यतासहितको समाजवादका आधार निर्माण गर्ने यस पार्टीको तात्कालिक लक्ष्य हो। दलाल नोकरशाही पुँजीवादी शोषण, दमन र उत्पीडन तथा साम्राज्यवादी हस्तक्षेपका विरुद्ध सङ्घर्ष गर्दै स्वाधिन राष्ट्रिय अर्थतन्त्रको जगमा अडिएको समृद्ध नेपाल निर्माणको अभियान सञ्चालन गर्नु र सामन्तवादको अवशेषका रूपमा रहेका कुरीति, अन्धविश्वास र रुढीवादको समूल अन्त्यका निम्ति सामाजिक-सांस्कृतिक रूपान्तरण अभियान सञ्चालन गर्नु यस पार्टीका तात्कालिक मुख्य कार्यभार हुन् ।

यो पार्टी संविधानको सर्वोच्चता, विधिको शासन, मानवाधिकार एवं मौलिक हकको प्रत्याभूति, शक्ति पृथकीकरणको सिद्धान्त, बहुलवादी खुला समाज, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, जननिर्वाचित प्रतिनिधिहरूद्वारा सरकार सञ्चालन, प्रतिपक्षको संवैधानिक व्यवस्था र स्वतन्त्र न्यायपालिकालगायत आधुनिक लोकतन्त्रका विश्वव्यापी मूल्य मान्यतामा प्रतिबद्ध छ र जनताको बहुदलीय जनवादका मूल्य मान्यताहरूको रक्षा र थप विकास गर्दै समाजवादको दिशामा अगाडि बढ्न चाहन्छ ।

पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । मार्क्सवाद-लेनिनवाद क्रान्तिकारी चरित्रको वैज्ञानिक विश्वदृष्टिकोण र श्रमजीवी वर्गको मुक्ति एवम् समाज परिवर्तनको मार्गदर्शक सिद्धान्त हो । यसमा रहेका द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण, परिवर्तनकारी दृष्टिकोण, श्रमजीवी वर्गको पक्षपोषण गर्ने दृष्टिकोण, जन-सार्वभौमसत्ताको दृष्टिकोण र सिद्धान्त र व्यवहारबिच एकरूपताको दृष्टिकोणजस्ता मूलभूत सैद्धान्तिक प्रस्थापनाहरू आज पनि उत्तिकै सान्दर्भिक छन् ।

यस पार्टीको सङ्गठनात्मक सिद्धान्त अर्थात पार्टी निर्माण र सञ्चालनको सिद्धान्त जनवादी केन्द्रीयताको सिद्धान्त हो । द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण, श्रमजीवी वर्गपक्षधरता र समाजको आमूल परिवर्तन गर्ने दृष्टिकोण यस सिद्धान्तका सार पक्ष हुन् भने सङ्गठनात्मक संरचनामा मातहतीय प्रणाली एवं पद्धति यस सिद्धान्तको रुप पक्ष हो । यस पार्टीमा आन्तरिक लोकतन्त्र र अनुशासनको सन्तुलन रहनेछ । यो पार्टी जन आधारित कार्यकर्ता पार्टी हो । यो पार्टी सबै खाले प्रतिक्रियावाद, अवसरवाद र सङ्कीर्णताका बिरुद्ध तथा सामाजिक सद्भाव एवं राष्ट्रिय एकताको पक्षमा रहेको छ । आम जनसमुदायसँग घनिष्ट सम्बन्ध राख्दै सबै प्रकारका शोषण, उत्पीडन, अन्याय, असमानता र विभेदको समाप्तिका लागि सङ्घर्ष गर्नु र निस्वार्थ रूपमा देश, जनता र क्रान्तिको सेवामा समर्पित हुनु यस पार्टीका सदस्यहरूको कर्तव्य हुनेछ ।

पार्टीको सार्वभौम अधिकार पार्टीका सङ्गठित सदस्यहरूमा निहीत रहनेछ । यसको प्रयोग पार्टी विधान अनुसार हुनेछ । पार्टीको सङ्गठनात्मक संरचना मुलुकको सङ्घीय संरचना अनुरूपको हुनेछ । पार्टीका सबै कमिटीहरू समावेशी चरित्रका हुनेछन् । हरेक कमिटीको एउटा महत्वपूर्ण हिस्सामा ४० वर्ष मुनिका युवाहरूलाई राखिने छ । यस पार्टीका सदस्यहरूले सामाजिक-आर्थिक तथा सांस्कृतिक रूपान्तरणका लागि उत्पादन सङ्घर्ष र वर्गसङ्घर्षमा सामेल हुँदै विचार, सङ्गठन र सङ्घर्षका क्षेत्रमा अग्रणी भूमिका खेल्ने छन् । उनीहरू जनसरोकार र उत्पादनशील कार्यमा क्रियाशील हुँदै पार्टीको एकता र अग्रगतिका लागि समर्पित रहने छन् । पार्टीका सम्पूर्ण सदस्यहरू मुलुकको कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक र क्रान्तिकारी सारतत्वकासाथ अघि बढाउँदै नेपाली क्रान्तिका निर्दिष्ट लक्ष्य र उद्देश्यहरू हासिल गर्न जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील, जुझारु र अग्रगामी राजनीतिक भूमिका निर्वाह गर्दै अघि बढ्न दृढ संकल्पित रहने छन् ।

# अध्याय एक

# प्रारम्भिक

**धारा-१. विधानको नाम :**

यस विधानको नाम नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को अन्तरिम विधान-२०७८ रहेको छ । यो विधान पार्टी सङ्गठन निर्माण र सञ्चालनको मूल निर्देशक दस्तावेज हुनेछ । यसपछि 'विधान' भनिने छ ।

**धारा-२. पार्टीको नाम :**

पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) रहको छ । संक्षिप्तमा यसलाई नेकपा (एकीकृत समाजवादी) भनिने छ । अंग्रेजीमा Communist Party of Nepal (Unified Socialist) र संक्षिप्तमा CPN (Unified Socialist) भनिनेछ । यसपछि 'पार्टी' भनिने छ ।

**धारा-३. पार्टी**को **झण्डा :**

पार्टीको झण्डा अनुसूची-१ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

**धारा-४. पार्टीको छाप** :

पार्टीको छाप अनुसूची-२ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

**धारा-५. पार्टीको चुनाव चिन्ह** :

पार्टीको चुनाव चिन्ह अनुसूची- ३ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

**धारा-६. पार्टीको प्रतीक चिन्ह :**

पार्टीको प्रतीक चिन्ह अनुसूची- ४ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

**धारा-७. प्रारम्भ :**

यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

# अध्याय दुई
# परिभाषा

**धारा-८.** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) 'कमिटी' भन्नाले विधान अनुसार गठित केन्द्रीय कमिटीदेखि प्रारम्भिक कमिटीसम्मका सबै कमिटीहरू सम्झनु पर्छ। यसले सङ्गठन कमिटीसमेत बुझाउछ।

(ख) 'केन्द्रीय निकाय' भन्नाले पार्टीको राष्ट्रिय महाधिवेशन, केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्च र केन्द्रीय परिषद् सम्झनु पर्छ।

(ग) 'कोष' भन्नाले सम्बन्धित तहको पार्टी कमिटीको निर्णय अनुसार स्थापित पार्टी कोष सम्झनु पर्छ।

(घ) 'तोकिए बमोजिम' भन्नाले विधानको धारा ७९ बमोजिम तोकिएका विषय सम्झनु पर्छ।

(ङ) 'पदाधिकारी' भन्नाले पार्टी केन्द्रीय कमिटीका अध्यक्ष, सम्मानित नेता, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव, केन्द्रीय कमिटी मातहतका सबै कमिटीका अध्यक्ष, उपाध्यक्ष, सचिव र उपसचिव एवं केन्द्रीय आयोगहरूका अध्यक्ष, उपाध्यक्ष, सचिव र सल्लाहकार परिषद् तथा जेष्ठ कम्युनिष्ट मञ्चका अध्यक्ष, उपाध्यक्ष र सचिव समेत सम्झनु पर्छ।

(च) 'पार्टी' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) सम्झनु पर्छ।

(छ) 'पार्टी सदस्य' भन्नाले यस विधानको धारा १० बमोजिमको सदस्य सम्झनु पर्छ।

(ज). 'प्रदेश निकाय' भन्नाले प्रदेश अधिवेशन, प्रदेश कमिटी, प्रदेश आयोग, प्रदेश सल्लाहकार परिषद्, प्रदेश जेष्ठ कम्युनिष्ट मञ्च र प्रदेश परिषद् सम्झनु पर्छ। यसले विशेष प्रदेश अधिवेशन, विशेष प्रदेश कमिटी र विशेष प्रदेश परिषद्लाई समेत बुझाउछ।

(झ). 'महाधिवेशन' भन्नाले विधानको धारा २० बमोजिम आयोजना गरिने राष्ट्रिय महाधिवेशन सम्झनु पर्छ । यसले धारा ६५ बमोजिमको विशेष महाधिवेशनसमेत बुझाउनेछ ।

(ञ). 'मोर्चा सङ्गठन' भन्नाले पार्टीको वैचारिक मार्गदर्शनमा सञ्चालित घोषित जनसङ्गठनहरूको मोर्चा सम्झनु पर्छ ।

(ट) 'विधान' भन्नाले नेकपा (एकीकृत समाजवादी)को अन्तरिम विधान-२०७८ सम्झनु पर्छ ।

(ठ). 'श्रमिक वर्ग' भन्नाले शारीरिक र बौद्धिक दुबैखाले श्रम गर्नेहरूको वर्ग सम्झनु पर्छ ।

(ड). 'सङ्गठित पार्टी सदस्य' भन्नाले यस विधानको धारा ११ बमोजिमको सदस्य सम्झनु पर्छ ।

(ढ). 'संयन्त्र' भन्नाले सरोकारवाला सङ्गठन, संस्था र राज्यका स्थानीय निकायको कामलाई व्यवस्थित गर्न त्यहाँ कार्यरत सङ्गठित पार्टी सदस्य र पार्टी सदस्यहरू सम्मिलित पार्टीको प्रत्यक्ष निर्देशनमा चल्ने संयन्त्र सम्झनु पर्छ ।

(ण). 'संसदीय दल' भन्नाले विधानको धारा ६० र ६१ वमोजिम गठित नेकपा (एकीकृत समाजवादी) संसदीय दल सम्झनु पर्छ ।

(त). 'स्थानीय निकाय' भन्नाले जिल्ला, विशेष जिल्ला, महानगर, उपमहानगर, नगर, गाउँ, वडा वा शाखा र टोल वा प्रारम्भिक तहका अधिवेशन, परिषद्, कमिटी, सल्लाहकार परिषद् र जेष्ठ कम्युनिष्ट मञ्चसमेत सम्झनु पर्छ । यसले प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय कमिटी र प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय कमिटी समेत जनाउछ ।

# अध्याय तीन

# सदस्यता

**धारा-९. सदस्यका प्रकार :**

(क) पार्टीमा निम्नानुसार सदस्य रहने छन् :

१. पार्टी सदस्य

२. सङ्गठित पार्टी सदस्य

(ख) धारा १० (क) को योग्यता र (ख) को प्रक्रिया पूरा गरेका व्यक्ति पार्टी सदस्य हुनेछन् ।

(ग) धारा ११ (क) को योग्यता र (ख) को प्रक्रिया पूरा गरेका व्यक्ति सङ्गठित पार्टी सदस्य हुनेछन् ।

**धारा-१०. पार्टी सदस्य :**

(क) पार्टी सदस्यको योग्यता देहाय बमोजिम हुनेछ :

१. १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

२. नैतिकवान र स्वच्छ चरित्र भएको,

३. मानसिक सन्तुलन नगुमेको,

४. नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नभोगिरहेको ।

५. प्रचलित कानूनले अयोग्य नभएको,

६. पार्टीबाट सञ्चालित आन्दोलन र कार्यक्रमहरूमा सहयोगी रहेको,

७. पार्टीको सिद्धान्त, कार्यक्रम र नीति आत्मसात गरी कार्यान्वयन गर्न तत्पर,

८. पार्टीको विधान र नियमावली मान्न तत्पर,

९. पार्टीको कुनै जनसङ्गठन वा संयन्त्रमा सङ्गठित भई जिम्मेवारी पूरागर्न तत्पर,

१०. उत्पादनमूलक श्रममा संलग्न हुन र सामाजिक आर्थिक रूपान्तरणमा क्रियाशिल हुन तत्पर ।

(ख) पार्टी सदस्यता प्राप्त गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ :

१. धारा १० (क) को योग्यता पुगेको व्यक्तिले कम्तिमा एक जना सङ्गठित सदस्यको सिफारिस साथमा राखी आफू रहेको वडाको पार्टी कमिटीमा आवेदन दिने,

२. वडा कमिटीले धारा १० (क) को योग्यता पुगे नपुगेको हेरी योग्यता पुगेको भए तोकिएको शुल्क लिई पार्टी सदस्यता प्रदान गर्ने र अनुमोदनका लागि सम्बन्धित महानगर/उपमहानगर/नगर/गाउँ कमिटीमा पठाउने,

३. महानगर/उपमहानगर/नगर/गाउँ कमिटीले धारा १० (क) को योग्यता पुगे नपुगेको हेरी योग्यता पुगेको भए अनुमोदन गरी अभिलेख राख्नका लागि व्यक्तिगत विवरणसहित जिल्ला कमिटीमा पठाउने,

४. जिल्ला कमिटीले व्यक्तिगत विवरणसहितको अभिलेख राखी सङ्ख्यात्मक विवरण प्रदेश कमिटी तथा केन्द्रीय सङ्गठन विभागमा पठाउने ।

(ग) पार्टी सदस्यका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. पार्टीको कुनै जनसङ्गठन वा संयन्त्र वा सम्पर्क मञ्चमा सङ्गठित भई काम गर्ने,

२. पार्टीका दस्ताबेजहरू प्राप्त गरी अध्ययन गर्ने,

३. पार्टीको आफु रहेको वडाको साधारण सभामा सहभागी हुने,

४. आफु रहेको वडाका पार्टी भेला तथा प्रशिक्षणमा सहभागी हुने,

५. पार्टीद्वारा आयोजित विभिन्न कार्यक्रमहरूमा सहभागी हुने,

६. पार्टीद्वारा पार्टी सदस्यका लागि दिइने पार्टी शिक्षाका कक्षामा सहभागी हुने,

७. तोकिएको समयमा पार्टी सदस्यता नवीकरण गर्ने,

८. धारा ११ (क) को योग्यता पूरागरी सङ्गठित सदस्यताको निम्ति आवेदन गर्नसक्ने ।

## धारा-११. सङ्गठित पार्टी सदस्य

(क) सङ्गठित पार्टी सदस्यको योग्यता देहाय बमोजिम हुनेछ :

१. धारा १० (ख) बमोजिम पार्टी सदस्यता प्राप्त गरी कुनै जनसङ्गठन वा संयन्त्र वा सम्पर्क मञ्चमा सङ्गठित भई कम्तिमा १ वर्ष काम गरेको,

२. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिप्रति प्रतिबद्ध तथा विधानलाई निःशर्त स्वीकार गरी कार्यान्वयन गर्न तत्पर,

३. कम्युनिष्ट आचरण र नैतिकताको पालना गर्ने, सार्वजनिक जवाफदेहिता वहन गर्न र पारदर्शी जीवन शैली अपनाउन प्रतिबद्ध ।

(ख) सङ्गठित पार्टी सदस्यता प्राप्त गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ :

१. धारा ११ (क) को योग्यता पुगेको व्यक्तिले अनुसूची ५ को ढाँचामा दुईजना सङ्गठित पार्टी सदस्यको सिफारिससहित आफू रहेको स्थानको महानगर/उपमहानगर/नगर/गाउँ कमिटीमा आवेदन दिने,

२. महानगर/उपमहानगर/नगर/गाउँ कमिटीले आवश्यक छानविन गरी आवेदकको धारा ११ (क) को योग्यता पुगेको भए सङ्गठित पार्टी सदस्यता प्रदान गर्न व्यक्तिगत विवरणसहित जिल्ला कमिटीमा सिफारिस गर्ने,

३. जिल्ला कमिटीले आवश्यक छानविन गरी योग्यता पुगेको आवेदकलाई तोकिएको शुल्क लिएर सङ्गठित पार्टी सदस्यता प्रदान गर्ने निर्णय गरी अनुमोदनका लागि प्रदेश कमिटीमा पठाउने,

४. प्रदेश कमिटीले आवश्यक छानविन गरी योग्यता र प्रक्रिया पुगेको निर्णय भए अनुमोदन गरी सदस्यता नम्बर प्रदान गर्न र अभिलेख राख्न केन्द्रीय सङ्गठन विभागमा पठाउने,

५. केन्द्रीय सङ्गठन विभागले अभिलेखमा समावेश गरी सदस्यता नम्बर प्रदान गर्ने र प्रदेश कमिटीमार्फत सम्बन्धित मातहत कमिटीमा पठाउने,

६. विभिन्न राजनीतिक पार्टी वा समूहबाट पार्टी प्रवेश गरेका देशभक्त र प्रगतिशील, लोकतान्त्रिक आन्दोलनमा सहयोगी भूमिका खेलेका र सामाजिक रूपमा प्रतिष्ठित व्यक्तिलाई जिल्ला कमिटी वा प्रदेश कमिटी वा केन्द्रीय सङ्गठन विभागको सिफारिसमा केन्द्रीय कमिटीले सङ्गठित पार्टी सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग) सङ्गठित पार्टी सदस्यका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. पार्टीको कमिटी वा आयोग वा परिषद् वा विभाग वा संयन्त्र वा जनसङ्गठनमा सङ्गठित भई काम गर्ने,

२ पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको दृढतापूर्वक अनुशरण गर्दै आफ्नो जिम्मेवारी पूरागर्ने,

३. तोकिएको प्रक्रिया बमोजिम पार्टीका बैठक, अधिवेशन र महाधिवेशनमा सहभागी भई नीति निर्णयमा आफ्नो मत राख्ने तथा मतदान गर्ने र चुन्ने, चुनिने ।

४ पार्टीबाट सङ्गठित पार्टी सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको पालना एवं कार्यान्वयन गर्ने,

५. पार्टीद्वारा आयोजित कार्यक्रमहरू र उत्पादनशील कार्य तथा विकास निर्माणलगायत जनसरोकारका सामाजिक क्रियाकलापमा सक्रिय रहने,

६. तोकिएको सदस्यता शुल्क एवं लेवी नियमित रूपमा सम्बन्धित कमिटीमा बुझाउने र तोकिएको समयमा सङ्गठित पार्टी सदस्यता नवीकरण गर्ने ।

७ माथिल्लो कमिटीमा आवश्यकता अनुसार सुझाव, टिप्पणी र आलोचना पठाउने,

८. रुढीवाद, अन्धविश्वास, सामाजिक विकृति, उत्पीडन र विभेदका विरुद्ध उभिने ।

९. पार्टी अनुशासन पालना गर्दै पार्टीको एकता, गोपनियता, हित र प्रतिष्ठालाई जोगाइराख्न क्रियाशील रहने,

१०. आफूमाथि भएको कुनै पनि कारबाही चित्त नबुझेमा कारणसहित कारबाही गर्ने कमिटीभन्दा माथिल्लो कमिटीमा र प्रदेश कमिटीको कारबाही चित्त नबुझेमा प्रदेश अनुशासन आयोगमा तथा केन्द्रीय कमिटीको कारबाही चित्त नबुझेमा केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन गर्न सक्ने ।

## धारा-१२. सदस्यताको समाप्ति

(क) देहायको अवस्थामा पार्टीको सदस्यता समाप्त हुनेछ :

१. स्वेच्छाले सदस्यता परित्याग गरेमा,

२. सङ्गठित सदस्य विना अनुमती लगातार एक वर्षभन्दा बढी समय पार्टी काममा संलग्न नरहेमा,

३. पार्टीले अनुशासनको कारबाही गरी सङ्गठित वा पार्टी सदस्यबाट निष्कासित गरेमा,

४. तोकिएको समयमा आफ्नो सदस्यता नवीकरण नगराएमा,

५. मृत्यु भएमा ।

**धारा-१३. सदस्यताको पुनः प्राप्ति**

(क) धारा १२ (क) १, २, ३ र ४ बमोजिम सङ्गठित पार्टी सदस्यता गुमाएका व्यक्तिले उक्त सदस्यता पुनः प्राप्त गर्न चाहेमा कम्तिमा ६ महिना सम्बन्धित कमिटीले तोकेको काम गरेपछि धारा ११ (ख) को प्रक्रिया पूरा गरी सङ्गठित पार्टी सदस्यता पुनः प्राप्त गर्न सक्नेछन् ।

(ख) अनुशासनको कार्वाहीमा परी सङ्गठित पार्टी सदस्यबाट निष्काशित व्यक्तिले गल्ती महसुस गरी कम्तिमा एक बर्ष तोकिएको काम गरेपछि धारा ११ (ख) को प्रक्रिया पूरा गरेर पुनः उक्त सदस्यता प्राप्त गर्न सक्नेछ ।

(ग) धारा १२ (क) १, ३ र ४ बमोजिम पार्टी सदस्यता गुमाएका व्यक्तिले उक्त सदस्यता पुनः प्राप्त गर्न चाहेमा धारा १० (ख) को प्रक्रिया पूरा गरी उक्त सदस्यता पुनः प्राप्त गर्न सक्नेछन् ।

**धारा-१४. सदस्यता कायम**

(क) नेपाल कम्युनिष्ट पार्टीको कुनै पनि समूहमा सदस्यता कायम रहेको व्यक्ति पार्टी प्रवेश गरेमा तोकिए बमोजिमको मापदण्ड र प्रक्रिया पूरा भएपछि निजको सदस्यता कायम हुन सक्नेछ ।

(ख) उपधारा (क) बमोजिम सदस्यता कायम गर्नुअघि सम्बन्धित पार्टी कमिटीले छानविन गरी स्पष्ट प्रमाणका आधारमा निर्णय गर्नुपर्ने छ ।

(ग) शारीरिक अवस्था कमजोर भएका वा राजनीतिक वा झुठा मुद्दामा जेल परेका सङ्गठित सदस्यहरू कतै सङ्गठित नरहे पनि पार्टीप्रति निष्ठावान र आस्थावान रहदासम्म निजको सङ्गठित पार्टी सदस्यता कायम रहनेछ ।

(घ) पार्टीबाट विशेष काममा खटाइएका पार्टी सदस्य वा सङ्गठित पार्टी सदस्यहरू कुनै कमिटी वा निकाय वा जनसङ्गठनमा सङ्गठित नरहे पनि निजको पार्टी सदस्यता वा सङ्गठित पार्टी सदस्यता कायम रहनेछ ।

**धारा-१५. सदस्यताको अभिलेख र नवीकरण:**

(क) सम्पूर्ण सङ्गठित पार्टी सदस्यहरूको व्यक्तिगत विवरणसहितको अभिलेख र पार्टी सदस्यहरूको सङ्ख्यात्मक अभिलेख केन्द्रीय सङ्गठन विभागमा राखिने छ ।

(ख) प्रदेश कमिटीहरूले आफ्नो कार्यक्षेत्रभित्रका सङ्गठित पार्टी सदस्यहरूको व्यक्तिगत विवरणसहितको अभिलेख र पार्टी सदस्यहरूको सङ्ख्यात्मक अभिलेख राख्नेछन् ।

(ग) जिल्ला कमिटीहरूले आफ्नो कार्यक्षेत्रभित्रका सङ्गठित पार्टी सदस्य र पार्टी सदस्यहरूको व्यक्तिगत विवरणसहितको अभिलेख राख्नेछन् ।

(घ) जिल्ला मातहतका सबै कमिटीहरूले आफ्नो कार्यक्षेत्रभित्रका सङ्गठित पार्टी सदस्य र पार्टी सदस्यहरूको व्यक्तिगत विवरणसहितको अभिलेख राख्नेछन् ।

(ङ) हरेक कमिटीहरूले प्रत्येक वर्षको चैत मसान्तभित्र आफ्नो कार्यक्षेत्रभित्रका सङ्गठित पार्टी सदस्य र पार्टी सदस्यहरूको सदस्यता नवीकरण गरी माथिल्लो कमिटीमा पठाउँनु पर्नेछ ।

(च) सङ्गठित पार्टी सदस्यता नवीकरणको प्रमाणिकरण केन्द्रीय सङ्गठन विभागबाट र पार्टी सदस्यता नवीकरणको प्रमाणिकरण जिल्ला कमिटीबाट गराउनु पर्नेछ ।

**धारा-१६. सदस्यता सम्बन्धी विवादको समाधान :**

(क) पार्टी सदस्यता सम्बन्धी विवाद वा समस्या उत्पन्न भएमा सम्बन्धित स्थानको सदस्यता प्रदान गर्ने अधिकार प्राप्त कमिटीले निर्णय गर्नेछ।

(ख) सङ्गठित पार्टी सदस्यता सम्बन्धी विवाद वा समस्या उत्पन्न भएमा सम्बन्धित स्थानको सङ्गठित सदस्यता प्रदान गर्ने अधिकार प्राप्त कमिटीले निर्णय गर्नेछ ।

(ग) पार्टी कमिटीमा सङ्गठित व्यक्तिको सङ्गठित पार्टी सदस्यता सम्बन्धी विवाद वा समस्या उत्पन्न भएमा निज सङ्गठित रहेको कमिटीले निर्णय गर्नेछ ।

(घ) सम्बन्धित कमिटीले गरेको निर्णय विवादित भएमा केन्द्रीय सङ्गठन विभागले अन्तिम निर्णय गर्नेछ ।

(ङ) सङ्गठन विभागको निर्णय चित्त नबुझेमा सम्बन्धित व्यक्तिले केन्द्रीय अनुशासन आयोगमा अपिल गर्न सक्नेछन् ।

**धारा-१७. मानार्थ पार्टी सदस्यताः**

(क) लोकतान्त्रिक र सामाजिक आन्दोलनमा विशिष्ट भूमिका खेलेका र राष्ट्र तथा समाजको लागि विशेष योगदान गरेका विशिष्ट व्यक्तिलाई जिल्ला वा प्रदेश कमिटीको सिफारिसमा केन्द्रीय कमिटीले पार्टीको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) खण्ड (क) बमोजिमको मानार्थ पार्टी सदस्यता मरणोपरान्त पनि प्रदान गर्न सकिने छ ।

(ग) मानार्थ पार्टी सदस्यता सम्मानका लागि भएकाले त्यस्ता सदस्यको अधिकार र कर्तव्य तोकिएको छैन ।

(घ) मानार्थ सदस्यको अभिलेख केन्द्रीय सङ्गठन विभागमा राखिने छ ।

(ङ) मानार्थ सदस्यको आचारण खराव भएमा उक्त मानार्थ पार्टी सदस्यता फिर्ता गर्न सकिने छ ।

**धारा-१८. सदस्यता पत्र तथा परिचय पत्रः**

(क) पार्टी सदस्यलाई अनुसूची-६ बमोजिमको पार्टी सदस्यता पत्र प्रदान गरिनेछ ।

(ख) सङ्गठित पार्टी सदस्यलाई अनुसूची-७ बमोजिमको सङ्गठित पार्टी सदस्यता पत्र प्रदान गरिनेछ ।

(ग) मानार्थ सदस्यलाई अनुसूची-८ बमोजिमको मानार्थ पार्टी सदस्यता पत्र प्रदान गरिनेछ ।

(घ) विभिन्न कमिटीका पदाधिकारी र सदस्यहरूलाई अनुसूची-९ बमोजिमको परिचय पत्र प्रदान गरिनेछ ।

# अध्याय चार

## केन्द्रीय निकायहरू

**धारा-१९. केन्द्रीय निकायहरूः**

(क) पार्टीका केन्द्रीय निकायहरू देहाय बमोजिम हुनेछन् :

१. राष्ट्रिय महाधिवेशन,

२. केन्द्रीय कमिटी,

३. केन्द्रीय अनुशासन आयोग,

४. केन्द्रीय लेखापरीक्षण आयोग,

५. केन्द्रीय निर्वाचन आयोग,

६. केन्द्रीय सल्लाहकार परिषद्

७. केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्च

८. केन्द्रीय परिषद्

**धारा-२०. राष्ट्रिय महाधिवेशन:**

(क) राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ। यसको आयोजना केन्द्रीय कमिटीद्वारा सामान्यतः प्रत्येक पाँच वर्षमा गरिनेछ।

(ख) विशेष अवस्थामा राष्ट्रिय महाधिवेशन बढीमा छ महिनासम्म अघि वा पछि सार्न सकिने छ।

(ग) महाधिवेशनको मिति र स्थान केन्द्रीय कमिटीले तोक्ने छ।

(घ) राष्ट्रिय महाधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटीका पदाधिकारी एवं सदस्यहरू,

२. केन्द्रीय आयोगका पदाधिकारी एवं सदस्यहरू,

३. केन्द्रीय कमिटीद्वारा निर्धारित महाधिवेशनका प्रतिनिधि निर्वाचन क्षेत्रका सङ्गठित सदस्यहरूबाट केन्द्रीय कमिटीले तोकेको सङ्ख्यामा निर्वाचित प्रतिनिधिहरू,

४. उपधारा १, २ र ३ मा उल्लेखित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय कमिटीबाट मनोनित प्रतिनिधिहरू।

५. प्रतिनिधिमा निर्वाचित नभएका केन्द्रीय सल्लाहकार परिषद् र जेष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी एवं सदस्यहरू महधिवेशनमा पर्यवेक्षकको रूपमा सहभागी हुन सक्नेछन्।

(ङ) राष्ट्रिय महाधिवेशनका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. महाधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल, निर्वाचन कमिटी र अन्य आवश्यक संयन्त्रहरू गठन गर्ने,

२. महाधिवेशन सञ्चालन प्रक्रिया तय गर्ने,

३. केन्द्रीय कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक एवं

साङ्गठनिक प्रतिवेदन, विधान संशोधन प्रस्ताव र राष्ट्रिय महत्वका प्रस्तावहरू तथा केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखापरीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका प्रतिवेदनहरूमाथि छलफल गरी पारित गर्ने,

४. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखापरीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा-२१. केन्द्रीय कमिटी**

(क) केन्द्रीय कमिटी दुई महाधिवेशनबिच पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ ।

(ख) केन्द्रीय कमिटी अध्यक्ष १, सम्मानित नेता १, उपाध्यक्ष ७, महासचिव १, उपमहासचिव ४, सचिव ७ गरी जम्मा २१ जना पदाधिकारीसहित ३३५ सदस्यीय हुनेछ ।

(ग) केन्द्रीय कमिटीका सदस्यहरू राष्ट्रिय महाधिवेशनबाट निर्वाचित हुनेछन् भने पदाधिकारीहरू केन्द्रीय कमिटीबाट निर्वाचित हुनेछन् ।

(घ) केन्द्रीय कमिटीभित्र केन्द्रीय पदाधिकारी र स्थायी कमिटी सदस्यसहित केन्द्रीय कमिटीको कुल सदस्य सङ्ख्याको बढीमा एकतिहाइ सङ्ख्याभन्दा बढी नहुने गरी पोलिटब्युरो, पदाधिकारीसहित ४५ सदस्यीय स्थायी कमिटी, अध्यक्षसहित बढीमा १५ सदस्यीय सचिवालय र महासचिवसहित ५ सदस्यीय कार्यालय गठन गरिने छ ।

(ङ) राष्ट्रिय महाधिवेशनबाट नयाँ केन्द्रीय कमिटी निर्वाचित भएपछि पुरानो केन्द्रीय कमिटी स्वतः विघटित हुनेछ ।

(च) केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी रहनेछ ।

**(छ) केन्द्रीय कमिटीका अधिकार र कर्तव्य :**

१. आफूमध्येबाट पदाधिकारी, पोलिटब्युरो र स्थायी कमिटी चयन गर्ने,

२. केन्द्रीय सचिवालय र केन्द्रीय कार्यालय गठन गर्ने,

३. केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरूको वरियताक्रम निर्धारण र कार्य विभाजन गर्ने,

४. तोकिए बमोजिमका केन्द्रीय विभाग र आवश्यक संयन्त्र एवं कार्यदलहरू गठन गर्ने,

५. केन्द्रीय विभाग, संयन्त्र र कार्यदलका अधिकार तथा कर्तव्य तोक्ने,

६. आवश्यक विषयमा पार्टीको दृष्टिकोण तथा नीति तय गर्ने,

७. पार्टीका नीति निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

८. पार्टीका दस्तावेजहरू, केन्द्रीय मुखपत्र, बुलेटिन र अन्य आवश्यक सामग्रीको सम्पादन तथा प्रकाशन गर्ने,

९. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी, सचिवालय र केन्द्रीय परिषद्का निर्णय अनुरूप अन्तरपार्टी निर्देशन जारी गर्ने,

१० केन्द्रीय पार्टी स्कूल सञ्चालन गर्ने ।

११. सैद्धान्तिक, वैचारिक, कार्यक्रमिक र नीतिगत विषयमा बहस गर्नुपर्ने आवश्यकता महशुस भएमा छुट्टै बैठक वा कार्यशालाको आयोजना गर्ने,

१२. पार्टीका सम्पूर्ण सदस्यहरू, मातहत कमिटीहरू र पार्टीबाट सरकार, सङ्घीय संसद तथा विभिन्न राजनीतिक नियुक्तिमा गएका सदस्यहरूलाई लेवी एवं शुल्क तोक्ने र आर्थिक कोष निर्माण एवं परिचालन गर्ने,

१३. पार्टीका मातहत कमिटी र सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,

१४. पार्टी सम्बद्ध जनसङ्गठनहरूलाई नीतिगत निर्देशन दिने,

१५. सङ्घीय संसद, सङ्घीय सरकार, प्रदेश सभा, प्रदेश सरकार र स्थानीय तह सञ्चालन सम्बन्धी नीति निर्माण एवं नेतृत्व प्रदान गर्ने,

१६. अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्ने,

१७. मापदण्ड पूरागरेका कुनै पनि व्यक्तिलाई सङ्गठित पार्टी सदस्यता प्रदान गर्ने,

१८. राष्ट्र र जनताको पक्षमा विशिष्ट योगदान गरेका व्यक्तिलाई मानार्थ पार्टी सदस्यता प्रदान गर्ने,

१९. पार्टी एकता र एकीकरणलाई अगाडि बढाउन आवश्यक निर्णय गर्ने,

२०. केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने,

२१. केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने,

२२. मातहत कमिटीबाट अनुशासनको कारबाहीमा परेका कमिटी र व्यक्तिका उजुरी सुनी निर्णय दिने,

२३. पार्टीको एकता, हित र सुरक्षामा खलल पार्ने कुनै पनि मातहत कमिटीका निर्णयलाई बदर गर्न, आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा पार्टी निर्देशन पालन नगर्ने कमिटीलाई विघटन गर्न र सदस्यलाई कारबाही गर्नसक्ने,

२४. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

**(ज) पोलिटब्युरोका अधिकार र कर्तव्य :**

१. केन्द्रीय कमिटीका दुई बैठकबिचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने र आवश्यक विषयमा पार्टीका नीति तथा दृष्टिकोण तय गर्ने,

२. केन्द्रीय कमिटीको बैठकसमक्ष आफ्ना कामको प्रतिवेदन पेश गर्ने,

३. स्थायी कमिटी र सचिवालयका निर्णय अनुमोदन गर्ने र आफूले गरेका निर्णय तथा कार्यहरू अनुमोदनका निम्ति केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने,

४. केन्द्रीय कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

**(झ) स्थायी कमिटीका अधिकार र कर्तव्य :**

१. केन्द्रीय कमिटी तथा पोलिटब्युरोका बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने,

२. आफूले गरेका आवश्यक निर्णय तथा कार्यहरू अनुमोदनका निम्ति पोलिटब्युरो र केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने,

३. केन्द्रीय कमिटी र पोलिटब्युरोले तोकेका अन्य कार्यहरू गर्ने ।

**(ञ) केन्द्रीय सचिवालयका अधिकार र कर्तव्य :**

१. स्थायी कमिटीका बैठकबीचको अवधिमा तत्काल गर्नुपर्ने राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने,

२. आफूले गरेका आवश्यक निर्णय तथा कार्यहरू अनुमोदनका निम्ति स्थायी कमिटीको बैठकमा प्रस्तुत गर्ने,

३. केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(ट) **केन्द्रीय कार्यालयका अधिकार र कर्तव्य :**

१. केन्द्रीय पार्टी कार्यालय सञ्चालन गर्ने,

२. केन्द्रीय स्तरबाट तयार गरिनुपर्ने कार्ययोजना वा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

३. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र सचिवालयका बैठकका कार्यसूची सम्बन्धी प्रस्ताव तयार गर्ने,

४. केन्द्रीय विभाग, मातहत कमिटी, संयन्त्र, कार्यदल, मोर्चा सङ्गठनलगायतका कामको प्रतिवेदन नियमित रूपमा लिने र मूल्याङ्कन प्रतिवेदन तयार गरी केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र सचिवालयमा प्रस्तुत गर्ने,

५. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी, सचिवालय र केन्द्रीय कार्यालयका निर्णयहरू लिपिबद्ध गर्ने र अभिलेख तयार गरी सुरक्षित राख्ने ।

६. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी, सचिवालय र केन्द्रीय परिषद्का निर्णय अनुरूप अन्तरपार्टी निर्देशन तयार गर्ने,

७. प्रदेश, जिल्ला, जनवर्गीय सङ्गठन, सरकारका विभिन्न निकाय तथा अन्य पार्टीबाट अतिथि, वक्ता वा प्रतिनिधि मागेको अवस्थामा सोको व्यवस्था गर्ने ।

८. समसामयिक विषयमा पार्टी निर्णय सार्वजनिक गर्ने,

९. केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(ठ) **अध्यक्षका अधिकार र कर्तव्य :**

१. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी, सचिवालय र केन्द्रीय परिषद्का बैठकको अध्यक्षता गर्ने,

२. पार्टीका प्रमुख नेताको रूपमा समग्र पार्टीको नेतृत्व गर्ने,

३. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र केन्द्रीय परिषद्को बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

४. पार्टीका नीति तथा केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीका निर्णयहरूको कार्यान्वयन गर्ने/गराउने,

५. पार्टी विधानको कार्यान्वयन गर्ने/गराउने,

६. केन्द्रीय कमिटीको तर्फबाट महाधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

७. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने,

**(ड) उपाध्यक्षका अधिकार र कर्तव्य** :

१. अध्यक्षले प्रत्यायोजित गरेका काम गर्ने,

२. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

३. केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीले तोकेका अन्य कार्य गर्ने ।

**(ढ) महासचिवका अधिकार र कर्तव्य :**

१. केन्द्रीय कार्यालयको बैठक बोलाउने, अध्यक्षता गर्ने र सञ्चालन गर्ने,

२. राष्ट्रिय महाधिवेशनबाट पारित नीति - निर्णयहरूको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र सचिवालयमा प्रस्तुत गर्ने,

३. अध्यक्षको परामर्शमा केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी, सचिवालय र केन्द्रीय परिषद्का बैठक बोलाउने र बैठकको कार्यसूची तयार गर्ने,

४. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र केन्द्रीय परिषद्का बैठक सञ्चालन गर्ने,

५. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटीका बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेशगर्ने,

६. केन्द्रीय कमिटीको तर्फबाट केन्द्रीय परिषद्को वैठकमा र महाधिवेशनमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

७. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र सचिवालयका निर्णय कार्यान्वायन गर्ने गराउने,

८. आफूमा निहित अधिकार उपमहासचिवमा प्रत्यायोजन गर्ने,

९. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र सचिवालयले तोकेका अन्य काम गर्ने ।

(ण) **उपमहासचिवका अधिकार र कर्तव्य :**

१. महासचिवले प्रत्यायोजित गरेका काम गर्ने,

२. महासचिवको काममा आवश्यक सहयोग गर्ने,

३. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र सचिवालयले तोकेका अन्य काम गर्ने ।

(त) **सचिवका अधिकार र कर्तव्य :**

१. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी, सचिवालय र केन्द्रीय कार्यालयले तोकेका काम गर्ने ।

(थ) **कार्यालय सचिवका अधिकार र कर्तव्य :**

१. पार्टी केन्द्रीय कार्यालयको दैनिक प्रसासनिक कार्य सञ्चालन गर्ने,

२. पार्टीको तर्फबाट सामान्य पत्राचार गर्ने,

३. पार्टी कार्यालयमा कार्यरत कर्मचारीहरूको कामको अनुगमन गर्ने,

४. पार्टी सम्पत्तिको अभिलेख राख्ने र रेखदेख गर्ने ।

**धारा-२२. केन्द्रीय आयोगहरू :**

(क) केन्द्रमा निम्न आयोगहरू रहने छन् :

१. केन्द्रीय अनुशासन आयोग

२. केन्द्रीय लेखापरीक्षण आयोग

३. केन्द्रीय निर्वाचन आयोग

(ख) केन्द्रीय आयोगमा अध्यक्ष-१, उपाध्यक्ष-१ र सचिव-१ सहित ३५ सदस्य रहनेछन् ।

(ग) केन्द्रीय आयोगका सदस्यहरू राष्ट्रिय महाधिवेशनबाट निर्वाचित हुनेछन् भने पदाधिकारीहरू केन्द्रीय आयोगबाट निर्वाचित हुनेछन् ।

(घ) केन्द्रीय आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह तथा उपाध्यक्ष र सचिवको मार्यादा पोलिटब्युरोका सदस्यसरह र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्यसरह हुनेछ ।

(ङ) केन्द्रीय आयोगहरू राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछन् ।

(च) **केन्द्रीय अनुशासन आयोगका अधिकार र कर्तव्य :**

१. पार्टीको केन्द्रीय निकायका पदाधिकारी र सदस्यहरूलगायत विभिन्न तहका पार्टी कमिटी र सदस्यहरूले केन्द्रीय

कमिटीबाट आफुमाथि भएको कार्वाही चित्त नबुझी दिएको पुनरावेदन ग्रहण गरी आवश्यक छानविन तथा फैसला गर्ने र त्यसको कार्यान्वयनका लागि कमिटीलाई निर्देशन दिने,

२. पार्टीका तोकिएका कमिटी सदस्यहरू र पार्टीकोतर्फबाट जनप्रतिनिधिमूलक संस्था एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुँदा, बहाल रहदा र अवकाश पाउँदाको सम्पत्ति विवरण लिने, आवश्यकता अनुसार छानविन गर्ने र आवधिक रूपमा सार्वजनिक गर्ने,

३. पार्टीको अनुशासन उल्लङ्घन गर्ने, पार्टीले तोकेको परिधि र पद्धति नाघी अभिव्यक्ति दिने, पार्टीको हित विपरीत क्रियाकलाप गर्ने कुनै पनि तहको सदस्यलाई सचेत पार्ने तथा त्यस्ता गतिविधि दोहोऱ्याइरहने सदस्यलाई विधानअनुरूप अनुशासनको कारबाही गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने,

४. कुनै पनि तहका सदस्यको पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा वा जानकारी भएमा आवश्यक छानबिन गरी अनुशासनको कारबाही गर्न निर्देशन दिने, सम्बन्धित कमिटीले सो निर्देशन कार्यान्वयन नगरेमा आयोग स्वयम्ले कारबाहीको प्रक्रिया अघि बढाउने,

५. आयोगमा विचाराधिन मुद्दाको अनुसन्धान गर्ने सन्दर्भमा विभिन्न कमिटीका बैठकमा उपस्थित हुनसक्ने,

६. पार्टी केन्द्रीय कमिटीलगायत कुनै पनि कमिटीबाट अनुशासनको कारबाहीमा परी चित्त नबुझी लिखित उजुरी वा पुनरावेदन दिने सदस्य वा कमिटीको उजुरी वा पुनरावेदन ग्रहण गरी त्यसमा आवश्यक छानविन गरी निर्णय गर्ने । केन्द्रीय कमिटीको निर्णय उपर चित्त नवुझी यस आयोग समक्ष पुनरावेदन गरिएमा सो उपर छानवीन गरी  आवश्यक कारबाही गर्ने,

७. अनुशासनको कारबाही सम्बन्धी निर्णय र पर्न आएका पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई र सबै

किसिमका निर्णयहरूको जानकारी केन्द्रीय कमिटीलाई दिने,

८. आफ्ना कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशन, केन्द्रीय कमिटी र केन्द्रीय परिषद्समक्ष प्रस्तुत गर्ने,

९. आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीका बैठकमा पदेन सदस्यको रूपमा भाग लिने ।

१०. यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्य गर्ने ।

**(छ) केन्द्रीय लेखा परीक्षण आयोगका अधिकार र कर्तव्य :**

१. पार्टी केन्द्रीय कमिटी र जनसङ्गठनहरूको केन्द्रीय तहको आय व्ययको लेखापरीक्षण गरी सुझावसहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने,

२. लेखा तथा आर्थिक व्यवस्थापन सम्बन्धी आवश्यक नीति नियम बनाई कार्यान्वयनका निम्ति केन्द्रीय कमिटीमा पेश गर्ने,

३ केन्द्रीय सचिवालयसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने,

४. लेखापरीक्षण सम्बन्धी कामको सन्दर्भमा सम्बन्धित कमिटीको बैठकमा उपस्थित हुनसक्ने,

५. आफ्ना कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गर्ने र केन्द्रीय कमिटीलाई जानाकारी दिने,

६. यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने,

७. आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीका बैठकमा पदेन सदस्यको रूपमा भाग लिने ।

**(ज) केन्द्रीय निर्वाचन आयोगका अधिकार र कर्तव्य :**

१. पार्टीको आन्तरिक निर्वाचन सम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गराउने,

२. प्रदेश कमिटी र प्रदेश आयोगका पदाधिकारी एवं सदस्यहरूको निर्वाचन गराउने,

३. पार्टीका जनसङ्गठन र पेशागत सङ्गठनका केन्द्रीय निकायका निर्वाचन गराउने,

४. आफूले गराउने निर्वाचनका लागि सम्बन्धित पार्टी कमिटीको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने,

५. आफ्ना कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गर्ने र केन्द्रीय कमिटीलाई जानाकारी दिने,

६. यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने,

७. आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीका बैठकमा पदेन सदस्यको रूपमा भाग लिने ।

**धारा-२३. आयोगहरू स्वायत्त निकाय हुने :**

(क) केन्द्र तथा प्रदेशमा रहने अनुशासन आयोग, लेखापरीक्षण आयोग र निर्वाचन आयोग स्वायत्त निकाय हुनेछन् । यी आयोगहरूले विधानको अधिनमा रही आफ्नो कार्य सम्पादन नियमावली आफै बनाई शक्ति पृथकीकरणको सिद्धान्त अनुरूप स्वतन्त्र ढङ्गले काम गर्नेछन् ।

(ख) आयोगका पदाधिकारी तथा सदस्यहरू पार्टीका अन्य कमिटी वा निकायमा सङ्गठित हुने छैनन् तर पार्टी काम विस्तारका लागि काम गर्न बाधा परेको मानिने छैन ।

(ग) आफ्ना पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनको कारबाही र उनीहरूको राजीनामा स्वीकृत गर्नेछन् ।

**धारा-२४. केन्द्रीय सल्लाहकार परिषद् :**

(क) केन्द्रीय कमिटीले आफ्नो कूल सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय सल्लाहकार परिषद् गठन गर्न सक्नेछ ।

(ख) सल्लाहकार परिषद्का पदाधिकारीमा अध्यक्ष, उपाध्यक्ष र सचिव रहने छन् ।

(ग) परिषद्का अध्यक्षको मर्यादा स्थायी कमिटीको सदस्यसरह हुनेछ भने उपाध्यक्ष तथा सचिवको मर्यादा पोलिटब्युरो सदस्यसरह र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्यसरह हुनेछ ।

**(घ) सल्लाहकार परिषद्का अधिकार र कर्तव्य :**

१. अध्यक्षले केन्द्रीय कमिटीका अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने,

२. उपाध्यक्षले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने,
३. सचिवले अध्यक्षको निर्देशनमा परिषद्को बैठक बोलाउने र बैठक सञ्चालन गर्ने,
४. परिषद्ले केन्द्रीय कमिटीलाई विभिन्न विषयमा सल्लाह तथा सुझाव दिने,
५. अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीका बैठकमा पदेन सदस्यको रूपमा भाग लिने ।

**धारा-२५. केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्च :**

(क) केन्द्रीय कमिटीले आफ्नो कूल सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी अध्यक्ष, सचिव र सदस्यहरू राखी केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गर्न सक्नेछ ।

(ख) ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारीमा अध्यक्ष, उपाध्यक्ष र सचिव रहने छन् ।

(ग) मञ्चका अध्यक्षको मर्यादा स्थायी कमिटीका सदस्यसरह हुनेछ भने उपाध्यक्ष तथा सचिवको मर्यादा पोलिटब्युरो सदस्यसरह र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्यसरह हुनेछ ।

(घ) ज्येष्ठ कम्युनिष्ट मञ्चका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. अध्यक्षले केन्द्रीय कमिटीका अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने,
२. उपाध्यक्षले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने,
३. सचिवले अध्यक्षको निर्देशनमा मञ्चको बैठक बोलाउने र बैठक सञ्चालन गर्ने,
४. मञ्चका पदाधिकारी एवं सदस्यले आफ्ना अनुभवद्वारा युवा पुस्तालाई प्रशिक्षित र उत्प्रेरित गर्ने,
५. अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीका बैठकमा पदेन सदस्यको रूपमा भाग लिने ।

**धारा-२६. केन्द्रीय परिषद् :**

(क) देहायका सदस्य रहेको एक केन्द्रीय परिषद् हुनेछ :

१. केन्द्रीय कमिटी, केन्द्रीय आयोग, केन्द्रीय सल्लाहकार

परिषद् र केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्चका सदस्यहरू,

२. प्रदेश कमिटीका पदाधिकारीहरू,

३. केन्द्रीय विभागका सचिवहरू,

४. जिल्ला कमिटीका अध्यक्षहरू,

५. प्रदेश सम्पर्क कमिटीका अध्यक्षहरू,

६. जिल्ला कमिटी सरहको हैसियतप्राप्त पार्टी संयन्त्रका प्रमुखहरु,

७. जिल्लाका प्रत्येक सङ्घीय निर्वाचन क्षेत्रबाट एक महिलासहित दुईजना,

८. प्रदेश सम्पर्क कमिटी र विशेष जिल्ला कमिटी प्रत्येकबाट एक महिलासहित दुईजना,

९. मजदुर, किसान, पेशागत र उद्योग व्यवसायी महासङ्घमा रहेका पार्टीको घोषित जनसङ्गठनका रूपमा स्वीकृत प्रत्येक घटक सङ्गठनबाट एकजना,

१०. महिला, युवा र विद्यार्थी सङ्गठन प्रत्येकबाट कम्तिमा एक महिलासहित तीन जना,

११. अन्य जनसङ्गठन प्रत्येकबाट एकजना,

१२. उपर्युक्त सङ्ख्याको दश प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय कमिटी बाट मनोनित ।

(ख) केन्द्रीय कमिटीका पदाधिकारी नै केन्द्रीय परिषद्का पदाधिकारी हुनेछन् ।

(ग) केन्द्रीय परिषद्का अधिकार र कर्तव्य :

१. केन्द्रीय कमिटीबाट प्रस्तुत राजनीतिक एवम् साङ्गठनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

२. राष्ट्रिय महत्वका विभिन्न प्रस्तावहरू पारित गर्ने ।

# अध्याय पाँच

## प्रदेश निकायहरू

**धारा-२७. पार्टीका प्रदेश निकायहरू :**

(क) पार्टीका प्रदेश निकायहरू निम्न प्रकार हुनेछन् :

१. प्रदेश/विशेष प्रदेश अधिवेशन

२. प्रदेश/उपत्यका विशेष प्रदेश/ सम्पर्क समन्वय कमिटी

३. प्रदेश/विशेष प्रदेश आयोगहरू

४. प्रदेश/विशेष प्रदेश परिषद्

**धारा-२८ प्रदेश/विशेष प्रदेश अधिवेशन**

(क) प्रदेश/विशेष प्रदेश अधिवेशन प्रदेश तहको सर्वोच्च निकाय हुनेछ । यसको आयोजना सम्बन्धित प्रदेश कमिटीद्वारा सामान्यतः प्रत्येक पाँच वर्षमा गरिनेछ । विशेष अवस्थामा बढीमा छ महिना अघि वा पछि सार्न सकिने छ ।

**(ख) प्रदेश/विशेष प्रदेश अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :**

१. प्रदेश/विशेष प्रदेश कमिटीका पदाधिकारी एवं सदस्यहरू,

२. प्रदेश/विशेष प्रदेश आयोगका पदाधिकारी एवं सदस्यहरू,

३. प्रदेश/विशेष प्रदेश कमिटीले निर्धारण गरेबमोजिम सङ्गठित सदस्यहरूबाट निर्वाचित प्रतिनिधिहरू,

४. उपधारा १, २ र ३ मा उल्लेखित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश/विशेष प्रदेश कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

५. प्रतिनिधिमा निर्वाचित नभएका प्रदेश सल्लाहाकार परिषद् र जेष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी एवं सदस्यहरू अधिवेशनमा पर्यवेक्षकको रूपमा सहभागी हुन सक्नेछन् ।

**(ग) प्रदेश/विशेष प्रदेश अधिवेशनका अधिकार र कर्तव्य :**

१. अधिवेशन सञ्चालन गर्ने अध्यक्ष मण्डल र अन्य आवश्यक संयन्त्रहरू गठन गर्ने,

२. अधिवेशन सञ्चालन प्रक्रिया तय गर्ने ।

३. प्रदेश/विशेष प्रदेश कमिटीको तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

४. प्रदेश/विशेष प्रदेश आयोगका प्रतिवेदनहरू अध्ययन गरी सुझाव दिने,

५. प्रदेश/विशेष प्रदेश कमिटी र प्रदेश आयोगका सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा-२९. प्रदेश/विशेष प्रदेश कमिटी**

(क) हरेक प्रदेशमा प्रदेश अधिवेशनबाट निर्वाचित एक प्रदेश कमिटी रहनेछ ।

(ख) काठमाडौं उपत्यकामा पेशागत, व्यवसायिक र सामुसदायिक क्षेत्रमा कार्यरत पार्टी सदस्यबीच काम गर्न विशेष प्रदेश अधिवेशनबाट निर्बाचित उपत्यका विशेष प्रदेश कमिटी रहनेछ ।

(ग) देशका विभिन्न जिल्लाबाट काठमाडौँ उपत्यकामा आई अस्थायी बसोबास गररिहेका पार्टी सदस्यहरूमाझ काम गर्न विशेष प्रदेश अधिवेशनबाट निर्वाचित सम्पर्क विशेष प्रदेश कमिटी रहने छ ।

(घ) प्रदेश/विशेष प्रदेश अधिवेशनबाट उपधारा (क), (ख) र (ग) अनुसारका कमिटी गठन नहुदासम्म केन्द्रीय कमिटीले तोके बमोजिम हुनेछ ।

(ङ) उपत्यका विशेष प्रदेश कमिटी अन्तर्गत मजदुर विशेष जिल्ला कमिटी, पेशागत विशेष जिल्ला कमिटी, उद्योग व्यवशाय विशेष जिल्ला कमिटी, युवा जिल्ला कमिटी र विद्यार्थी जिल्ला कमिटी रहने छन् । ती जिल्ला कमिटीहरूको मातहतमा विभिन्न शाखा, उपशाखा र प्रारम्भिक कमिटी गठन गरिने छ ।

(च) सम्पर्क विशेष प्रदेश कमिटी अन्तर्गत जिल्ला कमिटी स्तरका प्रदेश सम्पर्क कमिटी गठन हुनेछन् र ती कमिटीहरूको मातहतमा जिल्ला सम्पर्क मञ्च र निर्वाचन क्षेत्रीय सम्पर्क मञ्च गठन गरिने छ ।

(छ) सम्पर्क मञ्चले जिल्लाबाट काठमाडौँ उपत्यकामा आई अस्थायी बसोबास गर्ने पार्टीका सदस्य र समर्थकहरूबीच पार्टी काम गर्ने छन् ।

(ज) सम्पर्क मञ्चको ढाँचा, पार्टी हैसियत, अधिकार र कर्तव्य तथा सञ्चालन विधि सम्पर्क मञ्च सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

(झ) प्रदेश/विशेष प्रदेश कमिटीमा अध्यक्ष १, उपाध्यक्ष २, सचिव १, उपसचिव ३ र निम्नानुसारको सङ्ख्यामा सदस्यहरू रहनेछन् :

१. खुला क्षेत्रबाट कम्तीमा १९ जना महिलासहित ७५ जना ।

२. प्रदेशमा त्यहाँका प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रबाट एक महिलासहित दुई जना ।

३. विशेष प्रदेशमा त्यस प्रदेश अन्तर्गतका जिल्लाहरु प्रत्येकबाट दुई महिलासहित पाँच जना र सङ्गठित पार्टी सदस्य सङ्ख्याको अनुपातमा एक हजार सङ्गठित पार्टी सदस्य बराबर एक जनाका दरले थप ।

(ञ) प्रदेश/विशेष प्रदेश कमिटी प्रदेश/विशेष प्रदेश अधिवेशनप्रति उत्तरदायी रहनेछन् ।

**(ट) प्रदेश/विशेष प्रदेश कमिटीका अधिकार र कर्तव्य :**

१. प्रदेश/विशेष प्रदेश कमिटीका पदाधिकारीको चयन गर्ने,

२. कमिटीको कुल सदस्य सङ्ख्याको एकतिहाइभन्दा बढी नहुने गरी पदाधिकारीसहितको सचिवालय गठन गर्ने र बढीमा १५ जनासम्मको कार्यालय गठन गर्ने,

३. नियमित रूपमा बैठक बसी आफ्नो प्रदेशको समग्र पार्टी कामको योजना बनाएर लागु गर्ने,

४. केन्द्रीय कमिटीका निर्देशन र आफ्नो कमिटीका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने,

५. प्रदेशको समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,

६. पार्टी दस्तावेज तथा अन्य प्रचार सामग्रीहरू प्रकाशन र बिक्री-वितरण गर्ने,

७. आफ्नो कमिटीका सदस्यहरूको वरियता तोक्ने र कार्य विभाजन गर्ने,

८. आफ्नो कमिटी र मातहतका नेता कार्यकताहरूको क्षमता बृद्धिका लागि पार्टी स्कूल र प्रशिक्षण सञ्चालन गर्ने,

९. प्रदेश सभा र प्रदेश सरकार तथा स्थानीय तहमा कार्यरत पार्टी नेता तथा कार्यकर्तालाई राजनीतिक नेतृत्व प्रदान गर्ने, उनीहरूलाई पार्टीको नीति निर्देशन एवं आवश्यक प्रशिक्षण दिने र जनताको हितमा परिचालित गर्ने,

१०. आफ्नो मातहतका पार्टी सदस्यहरू, कमिटीहरू, पार्टीको तर्फबाट प्रदेश सरकार तथा प्रदेश सभा र प्रदेशका राजनीतिक नियुक्तिमा गएका सदस्यहरूलाई लेवी एवं शुल्क तोक्ने र आर्थिक कोष निर्माण एवं परिचालन गर्ने,

११. आफ्नो कमिटीको कुल सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् र जेष्ठ कम्युनिष्ट मञ्च गठन गरी अधिकार र कर्तव्य तोक्ने,

१२. तोकिए बमोजिमका विभाग र आबश्यक संयन्त्र एवं कार्यदल गठन गर्ने र तिनका अधिकार तथा कर्तव्य तोक्ने,

१३. आफ्नो तहका जनसङ्गठनहरूलाई राजनीतिक नेतृत्व प्रदान गर्ने,

१४. आफ्ना कामहरूको प्रतिवेदन र आर्थिक दायित्व नियमित रूपमा केन्द्रीय कमिटीमा पठाउने,

१५. आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने,

१६. आफ्नो कमिटीका पदाधिकारी र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने,

१७. मातहत कमिटीबाट अनुशासनको कारबाहीमा परेका कमिटी तथा व्यक्तिका उजुरी सुनी निर्णय दिने,

१८. अनुशासनात्मक कारबाहीमा परी कमिटी विघटन भएमा वा कार्यकाल समाप्त भएमा जिल्ला सङ्गठन कमिटी निर्माण गर्नको लागि केन्द्रीय कमिटीसमक्ष सिफारिस गर्ने र केन्द्रीय कमिटीबाट स्वीकृत भए पश्चात कार्यान्वयन गर्ने,

१९. जिल्ला कमिटीको सङ्गठित पार्टी सदस्यता प्रदान गर्ने निर्णय अध्ययन गरी योग्यता र प्रक्रिया पुगेको भए अनुमोदन गर्ने,

२०. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिए बमोजिमका अन्य काम गर्ने ।

(ठ) **प्रदेश/विशेष प्रदेश कमिटी अध्यक्षका अधिकार र कर्तव्य :**

१. प्रदेश कमिटी र प्रदेश परिषद्का बैठकको अध्यक्षता गर्ने,

२. कमिटीका समग्र कामको नेतृत्व गर्ने,

३. कमिटीको बैठकमा आफैले र प्रदेश परिषद् एवं प्रदेश अधिवेशनमा कमिटीको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने,

४. प्रदेश अधिवेशन र कमिटीका निर्णय कार्यान्वयन गर्ने/गराउने,

५. कमिटीका समग्र कामको अनुगमन गर्ने,

६. कमिटीको आय-व्ययको लेखा राख्न लगाउने,

७. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(ड) **प्रदेश/विशेष प्रदेश कमिटी उपाध्यक्षका अधिकार र कर्तव्य :**

१. अध्यक्षले प्रत्यायोजित गरेका काम गर्ने,

२. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

३. प्रदेश कमिटीले तोकेका अन्य कार्य गर्ने ।

(ढ) **प्रदेश/विशेष प्रदेश कमिटी सचिवका अधिकार र कर्तव्य :**

१. अध्यक्षको निर्देशनमा प्रदेश परिषद् र प्रदेश कमिटीका बैठक बोलाउने र सञ्चालन गर्ने,

२. कार्ययोजना बनाई बैठकमा प्रस्तुत गर्ने,

३. कार्यालय सञ्चालन गर्ने तथा साङ्गठनिक अभिलेख राख्ने,

४. साङ्गठनिक कामको अनुगमन गर्ने,

५. प्रदेश कमिटी तथा प्रदेश परिषद् बैठकमा र प्रदेश अधिवेशनमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

६. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(ण) **प्रदेश/विशेष प्रदेश कमिटी उपसचिवका अधिकार र कर्तव्य :**

१. सचिवले प्रत्यायोजित गरेका काम गर्ने,२. सचिवको काममा आवश्यक सहयोग गर्ने,

२. प्रदेश कमिटीले तोकेका अन्य काम गर्ने ।

**धारा-३०. प्रदेश आयोगहरू :**

(क) हरेक प्रदेश तथा विशेष प्रदेशमा प्रदेश अधिवेशनबाट निर्वाचित अनुशासन, लेखापरीक्षण र निर्वाचन आयोग रहनेछन् ।

(ख) प्रदेश आयोग अध्यक्ष, उपाध्यक्ष र सचिव सहित १५ सदस्यीय हुनेछन् ।

(ग) यस आयोगका अध्यक्षको मर्यादा प्रदेश कमिटीको सचिवालय सदस्यसरह र अन्य पदाधिकारी एवं सदस्यहरूको मर्यादा प्रदेश कमिटीका सदस्यसरह हुनेछ ।

**(घ) प्रदेश अनुशासन आयोगका अधिकार र कर्तव्य :**

१. प्रदेश कमिटीका पदाधिकारी र सदस्यहरूलगायत प्रदेश अन्तर्गतका पार्टी कमिटी, कार्यकर्ता र सदस्यहरूले प्रदेश कमिटीबाट अफूमाथि भएको कार्वाही चित्त नबुझी दिएको पुनरावेदन ग्रहण गरी आवश्यक छानविन तथा फैसला गर्ने र त्यसको कार्यान्वयनका लागि प्रदेश कमिटीमार्फत वा सिधै सम्बन्धित कमिटीलाई निर्देशन दिने,

२. आफ्नो प्रदेशभित्रका तोकिएका कमिटी सदस्यहरू र पार्टीकोतर्फबाट जनप्रतिनिधिमूलक संस्था एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुँदा, बहाल रहदा र अवकाश पाउँदाको सम्पत्ति विवरण लिने, आवश्यकताअनुसार छानविन गर्ने र आवधिक रूपमा सार्वजनिक गर्ने,

३. आयोगमा विचाराधिन मुद्धाको अनुसन्धान गर्ने सन्दर्भमा विभिन्न कमिटीका बैठकमा उपस्थित हुनसक्ने,

४. अनुशासनको कारबाहीसम्बन्धी निर्णय र पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई र सबै किसिमका निर्णयहरूको जानकारी प्रदेश कमिटीलाई दिने,

५. आफ्ना कामको प्रतिवेदन प्रदेश परिषद् र प्रदेश अधिवेशनसमक्ष प्रस्तुत गर्ने,

६. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

**(ङ) प्रदेश लेखा परीक्षण आयोगका अधिकार र कर्तव्य :**

१. प्रदेश र प्रदेश अन्तर्गतका पार्टी कमिटी तथा जनसङ्गठनहरूका आय व्ययको लेखा परीक्षण गरी सुझावसहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि प्रदेश कमिटीमा प्रस्तुत गर्ने,

२. प्रदेश कमिटीसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने,

३. लेखा परीक्षणसम्बन्धी कामको सन्दर्भमा सम्बन्धित कमिटीको बैठकमा उपस्थित हुनसक्ने,

४. आफ्ना कामको प्रतिवेदन प्रदेश अधिवेशनसमक्ष प्रस्तुत गर्ने र प्रदेश कमिटीलाई जानकारी दिने,

५. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका कार्यहरू गर्ने ।

**(च) प्रदेश निर्वाचन आयोगका अधिकार र कर्तव्य :**

१. प्रदेश अन्तर्गतका पार्टी कमिटी र जनसङ्गठनका पदाधिकारी एवं सदस्यहरूको निर्वाचन गराउने,

२. आफूले गराउने निर्वाचनका लागि सम्बन्धित पार्टी कमिटीको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने,

३. आफ्ना कामको प्रतिवेदन प्रदेश परिषद् र प्रदेश अधिवेशनसमक्ष प्रस्तुत गर्ने र प्रदेश कमिटीलाई जानाकारी दिने,

४. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका अन्य कार्यहरू गर्ने ।

**धारा-३१. प्रदेश/विशेष प्रदेश परिषद् :**

(क) हरेक प्रदेश/ विशेष प्रदेशमा देहायका सदस्य रहेको एक प्रदेश परिषद् रहनेछ :

१. प्रदेश कमिटी, प्रदेश सल्लाहकार परिषद् र प्रदेश ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकार एवं सदस्यहरू,

२. प्रदेश/विशेष प्रदेश कमिटी अन्तर्गतका जिल्ला/विशेष जिल्ला कमिटीका पदाधिकारीहरू,

३. प्रदेश/विशेष प्रदेश विभागका सचिवहरू,

४. सम्बन्धित प्रदेशका प्रत्येक प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रबाट एक महिलासहित तीनजना,

५. प्रदेशमा कमिटी रहेका पार्टीका घोषित जनवर्गीय, पेशागत, व्यवसायिक र सामुदायिक सङ्गठन प्रत्येकबाट एकजना,

६. विशेष प्रदेश अन्तर्गतका विशेष जिल्लाबाट सङ्गठित सदस्य सङ्ख्याको अनुपातमा निर्धारित सङ्ख्या,

७. खुला पचास जना ।

(ख) प्रदेश/विशेष प्रदेश कमिटीका पदाधिकारी नै प्रदेश/विशेष प्रदेश परिषद्का पदाधिकारी हुनेछन् ।

(ग) प्रदेश/विशेष प्रदेश परिषद्का अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. प्रदेश/विशेष प्रदेश कमिटीबाट प्रस्तुत वार्षिक कार्य सम्पादन प्रतिवेदन र कार्ययोजनामाथि छलफल गरी पारित गर्ने,

२. प्रदेश/विशेष प्रदेश कमिटीलाई आवश्यक सुझव दिने ।

# अध्याय छ

# स्थानीय निकायहरू

**धारा-३२. पार्टीका स्थानीय कमिटीहरू :**

(क) पार्टीका स्थानीय कमिटीहरू देहाय बमोजिम हुनेछन् -

१. जिल्ला/विशेष जिल्ला अधिवेशन,

२. जिल्ला कमिटी/विशेष जिल्ला कमिटी

३. जिल्ला/विशेष जिल्ला परिषद्,

४. प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय कमिटी,

५. प्रदेस सभा निर्वाचन क्षेत्र समन्वय कमिटी,

६. महानगर/उपमहानगर/नगर अधिवेशन,

७. महानगर/उपमहानगर/नगर कमिटी,

८. महानगर/उपमहानगर/नगर परिषद्
९. गाउँ अधिवेशन,
१०. गाउँ कमिटी,
११. गाउँ परिषद्
१२. वडा अधिवेशन
१३. वडा कमिटी,
१४. वडा परिषद्
१५. प्रारम्भिक कमिटी
१६. प्रारम्भिक परिषद्

**धारा-३३. स्थानीय अधिवेशनहरू :**

(क) धारा ३२ मा उल्लेखित ४ र ५ बाहेकका सबै स्थानीय कमिटीहरूले आफ्नो तहको अधिवेशन आयोजना गर्नेछन् ।

(ख) जिल्ला अधिवेशन प्रत्येक चार वर्षमा, महानगर/उपमहानगर/नगर/गाउँ अधिवेशन प्रत्येक तीन वर्षमा, वडा अधिवेशन प्रत्येक दुई वर्षमा र प्रारम्भिक अधिवेशन प्रत्येक वर्ष गरिनेछ ।

**(ग) स्थानीय अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :**

१. सम्बन्धित कमिटीका पदाधिकारी एवं सदस्यहरू,
२. सम्बन्धित कमिटीले निर्धारण गरे बमोजिम सङ्गठित पार्टी सदस्यहरूबाट निर्वाचित प्रतिनिधिहरू,
३. उपधारा १ र २ मा उल्लेखित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

**(घ) स्थानीय अधिवेशनका अधिकार र कर्तव्य :**

१. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र अन्य आवश्यक संयन्त्रहरू गठन गर्ने,
२. अधिवेशन सञ्चालन प्रक्रिया तय गर्ने,
३. सम्बन्धित कमिटीको तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,
४ आफ्नो तहको कमिटीका सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा-३४. स्थानीय कमिटीहरू :**

(क) धारा ३२ (क) ४ र ५ मा उल्लेखित समन्वय कमिटीबाहेक सबै स्थानीय कमिटीहरू आफ्नो तहको अधिवेशनबाट निर्वाचित हुनेछन् ।

(ख) सबै स्थानीय कमिटीमा अध्यक्ष-१, उपाध्यक्ष-२, सचिव-१, उप-सचिव-३ र सदस्यहरू रहनेछन् ।

(ग) स्थानीय कमिटीहरूको सदस्य सङ्ख्या निम्नानुसार हुनेछ :

१. जिल्ला कमिटीः खुल्ला बढीमा ७५ जना, जिल्लामा रहेका महानगरपालिका प्रत्येकबाट कम्तीमा ३ महिलासहित ९ जना, उपमहानगरपालिका प्रत्येकबाट कम्तीमा २ महिलासहित ७ जना, नगरपालिका प्रत्येकबाट कम्तीमा २ महिलासहित ५ जना र प्रत्येक गाउँपालिकाबाट कम्तीमा १ महिलासहित ३ जना ।

२. महानगर कमिटीः खुल्ला बढीमा ५१ जना र प्रत्येक वडाबाट १ महिलासहित ३ जना ।

३. उपमहानगर कमिटीः खुल्ला बढीमा ५१ जना र प्रत्येक वडाबाट १ महिलासहित ३ जना ।

४. नगर कमिटीः खुल्ला बढीमा ५१ जना र प्रत्येक वडाबाट १ महिलासहित २ जना ।

५. गाउँ कमिटीः खुल्ला बढीमा ५१ जना र प्रत्येक वडाबाट १ महिलासहित २ जना ।

६. महानगर, उपमहानगर र नगरका वडा कमिटी बढीमा ५५ जना ।

७. गाउँका वडा कमिटी बढीमा ४५ जना ।

८. प्रारम्भिक कमिटी बढीमा २५ जना ।

**(घ) अधिवेशनबाट निर्वाचित स्थानीय कमिटीका अधिकार र कर्तव्य :**

१. आफ्नो कमिटीका पदाधिकारीहरूको चयन गर्ने,

२. कमिटीको कुल सदस्य सङ्ख्याको एकतिहाइभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने, जिल्ला कमिटीमा ९ जना सम्मको कार्यालय गठन गर्ने,

३. कमिटीका सदस्यहरूको वरियता तोक्ने र कार्य विभाजन गर्ने,

४. नियमितरूपमा बैठक बसी आफ्नो कार्यक्षेत्रको समग्र पार्टी कामको योजना निर्माण गर्ने र त्यसको कार्यान्वयन गर्ने/गराउने,

५. आफ्नो कार्यक्षेत्रको समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वायन, अनुगमन र मूल्याङ्कन गर्ने,

६. पार्टी दस्तावेज तथा अन्य सामग्रीहरूको प्रकाशन र बिक्री-वितरण गर्ने,

७. आफ्नो कमिटी र मातहतका नेता कार्यकर्ताहरूको क्षमता बृद्धिका लागि पार्टी स्कूल र प्रशिक्षण सञ्चालन गर्ने,

८. स्थानीय तहमा निर्वाचित पार्टी नेता तथा कार्यकर्तालाई राजनीतिक नेतृत्व प्रदान गर्ने, उनीहरूलाई पार्टीको नीति निर्देशन एवं आवश्यक प्रशिक्षण दिने र जनताको हितमा परिचालित गर्ने,

९. आफ्नो मातहतका सबै कमिटी, पार्टी सदस्यहरू तथा पार्टीबाट स्थानीय तह र विभिन्न राजनीतिक नियुक्ति प्राप्त सदस्यहरूलाई लेवी एवं शुल्क तोक्ने र आर्थिक कोष निर्माण एवंपरिचालन गर्ने ।

१०. अनुशासनको कारबाहीमा परी कुनै कमिटी विघटन भएको वा कार्यकाल समाप्त भएको अवस्थामा सङ्गठन कमिटी निर्माण गर्नको लागि माथिल्लो कमिटीसमक्ष सिफारिस गर्ने र स्वीकृत भएपश्चात् कार्यान्वयन गर्ने,

११. आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

१२. आफ्नो कुल सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् र जेष्ठ कम्युनिष्ट मञ्च गठन गरी अधिकार र कर्तव्य तोक्ने ।

१३. आफ्नो तहका जनसङ्गठनहरूलाई राजनीतिक नेतृत्व प्रदान गर्ने,

१४. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरूको कार्यान्वयन

गर्ने/गराउने,

१५. आफ्ना कामहरूको प्रतिवेदन र आर्थिक दायित्व नियमितरूपमा माथिल्लो कमिटीमा पठाउने,

१६. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएका कार्यहरू गर्ने ।

**(ङ) स्थानीय कमिटीको अध्यक्षका अधिकार र कर्तव्य:**

१. आफ्नो तहको कमिटी र परिषद्का बैठकको अध्यक्षता गर्ने,

२. कमिटीलाई समग्र काममा नेतृत्व गर्ने,

३. कमिटी र परिषद्को बैठकमा र अधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्ने,

४. आफ्नो तहको अधिवेशन, कमिटी र परिषद्का निर्णय कार्यान्वयन गर्ने/गराउने,

५. कमिटीका समग्र कामको अनुगमन गर्ने,

६. कमिटीको आय-व्ययको लेखा राख्न लगाउने,

७. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

**(च) स्थानीय कमिटीको उपाध्यक्षका अधिकार र कर्तव्य :**

१. अध्यक्षले प्रत्यायोजित गरेका काम गर्ने,

२. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

**(छ) स्थानीय कमिटीको सचिवका अधिकार र कर्तव्य :**

१. अध्यक्षको निर्देशनमा आफ्नो तहको परिषद् र कमिटीको बैठक बोलाउने र सञ्चालन गर्ने,

२. कार्ययोजना बनाई बैठकमा प्रस्तुत गर्ने,

३. कार्यालय सञ्चालन गर्ने तथा साङ्गठनिक अभिलेख राख्ने,

४. साङ्गठनिक कामको अनुगमन गर्ने,

५. परिषद् तथा कमिटीको बैठकमा र अधिवेशनमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

६. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

**(ज) स्थानीय कमिटीको उपसचिवका अधिकार र कर्तव्य :**

१. सचिवले प्रत्यायोजित गरेका काम गर्ने,

२. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

**धारा-३५. स्थानीय परिषद्हरू :**

**(क) स्थानीय तहमा निम्न सदस्यहरू रहेका परिषद्हरू हुनेछन् :**

१. सम्बन्धित स्थानीय कमिटी, सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी एवं सदस्यहरू,

२. एक तह तल्लो निर्वाचित कमिटीका पदाधिकारीहरू,

३. पार्टी सम्बद्ध जनसङ्गठनका सम्बन्धित तहका अध्यक्षहरू,

४. उपयुक्त सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुनेगरी सम्बन्धित कमिटीबाट मनोनित सदस्यहरू ।

**(ख) स्थानीय परिषद्का अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :**

१. आफ्नो तहको कमिटीबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. आफ्नो तहको कमिटीलाई आवश्यक सुझाव दिने ।

**धारा-३६. निर्वाचन क्षेत्रीय समन्वय कमिटीहरू :**

(क) एकभन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाका प्रत्येक प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय समन्वय कमिटी र प्रदेश सभा निर्वाचन क्षेत्रमा प्रदेश सभा निर्वाचन क्षेत्रीय समन्वय कमिटी रहने छन् ।

(ख) प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीमा देहायका पदाधिकारी र सदस्यहरू रहने छन् :

१. जिल्ला कमिटीले जिल्ला कमिटी सदस्यमध्येबाट तोकेको संयोजक र सचिव,

२. सम्बन्धित निर्वाचन क्षेत्रमा कार्यक्षेत्र भएका जिल्ला कमिटी सदस्यहरू,

३. सम्बन्धित निर्वाचन क्षेत्र अन्तर्गतका महानगर, उपमहानगर, नगर र गाउँ कमिटीका अध्यक्षहरू,

४. पार्टी सदस्य रहेका र निर्वाचन क्षेत्रभन्दा माथिल्लो कमिटीमा नरहेका सम्बन्धित निर्वाचन क्षेत्रका प्रतिनिधि सभा सदस्य,

५. उपधारा (ख) १ देखि ४ बमोजिमका सदस्यहरूको कुल सङ्ख्याको २० प्रतिशतभन्दा बढी नहुनेगरी सम्बन्धित जिल्ला कमिटीबाट मनोनित सदस्यहरू,

(ग) प्रदेश सभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीमा देहायका

पदाधिकारी र सदस्यहरू रहनेछन्-

१. जिल्ला कमिटीले जिल्ला कमिटी सदस्यमध्येबाट तोकेको संयोजक र सचिव,

२. सम्बन्धित निर्वाचन क्षेत्रमा कार्यक्षेत्र भएका जिल्ला कमिटी सदस्यहरू,

३. सम्बन्धित निर्वाचन क्षेत्र अन्तर्गतका महानगर, उपमहानगर, नगर र गाउँ कमिटीका पदाधिकारीहरू,

४. सम्बन्धित निर्वाचन क्षेत्र अन्तर्गतका महानगर र उपमहानगर, नगर र गाउँका वडा कमिटी अध्यक्षहरू ।

५. पार्टी सदस्य रहेका र प्रदेश निर्वाचन क्षेत्रभन्दा माथिल्लो कमिटीमा नरहेका सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेश सभा सदस्य,

६. सम्बन्धित निर्वाचन क्षेत्र अन्तर्गतका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका सङ्गठित पार्टी सदस्यता प्राप्त गरेका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष र वडाध्यक्षहरू,

७. उपधारा (ग) १ देखि ६ बमोजिमका सदस्यहरूको कुल सङ्ख्याको २० प्रतिशतभन्दा बढी नहुनेगरी सम्बन्धित जिल्ला कमिटीबाट मनोनित सदस्यहरू,

(घ) प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. आफ्नो क्षेत्रको पार्टी कामको समन्वय र संयोजन गर्ने,

२. नियमित रूपमा बैठक बसी कामको योजना बनाउने र कार्यान्वयन गर्ने,

३. आफ्नो क्षेत्रको समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,

४. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

५. पार्टी प्रकाशनहरूको बिक्री-वितरण गर्ने,

६. कमिटी र सदस्यहरूको क्षमता बृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने,

७. तोकिएका अन्य काम गर्ने ।

**धारा-३७. सङ्गठन कमिटी :**

(क) निर्वाचित कमिटी नभएको ठाउँमा र निर्वाचित कमिटीको अवधि समाप्त भएको अवस्थामा माथिल्लो कमिटीको मनोनयनद्वारा सङ्गठन कमिटी निर्माण गरिनेछ र त्यस्तो निर्णय एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन हुनेछ ।

(ख) विशेष अवस्थामा केन्द्रीय कमिटीले विशेष निर्णय गरेर आफ्नो मातहतको कुनैपनि तहमा सङ्गठन कमिटी निर्माण गर्न सक्नेछ ।

(ग) निर्वाचित कमिटी नबनेसम्म सङ्गठन कमिटीले निर्वाचित कमिटीका अधिकार प्रयोग गरी काम गर्नेछ ।

(घ) सङ्गठन कमिटीको मुख्य काम तोकिएको समयभित्र आफ्नो तहको अधिवेशन सम्पन्न गराउनु हुनेछ ।

**धारा-३८. संक्रमणकालीन पार्टी सङ्गठन :**

(क) पार्टी कमिटी वा सङ्गठन कमिटी निर्माण गर्न तोकिए बमोजिमको मापदण्ड पूरा नभएको अवस्थामा माथिल्लो कमिटीको मनोनयनद्वारा वा माथिल्लो कमिटीको योजनामा गरिएको भेलाद्वारा पार्टी सक्रिय दल वा सक्रिय दल जस्ता संक्रमणकालीन सङ्गठन निर्माण गरिनेछ । यस्ता पार्टी सङ्गठनहरूमा पार्टी सदस्य र समर्थकहरू रहन सक्नेछन् । यसका अधिकार र कर्तव्यहरू तोकिए बमोजिम हुनेछन् ।

# अध्याय सात

## विभाग, संयन्त्र र कार्यदल

**धारा-३९. विभाग :**

(क) पार्टी केन्द्र, प्रदेश र स्थानीय तहमा तोकिए बमोजिमका विभागहरू रहनेछन् ।

(ख). पार्टी केन्द्रीय कमिटीले आफ्नो तहमा प्रमुख, उपप्रमुख र सचिवसहित तोकिए बमोजिमका सदस्यहरु रहेको विभाग गठन गर्नेछ ।

(ग) प्रदेश र जिल्ला कमिटीले प्रमुख-१, उपप्रमुख-१ र सचिव-१ समेत गरी १५ सदस्यीय विभाग गठन गर्न सक्नेछ ।

(घ) विभाग अन्तर्गत आवश्यकता अनुसार विभिन्न विषयगत डेस्क

गठन गर्न सकिनेछ ।

(ङ) विभागका अधिकार र कर्तव्य तोकिए बमोजिम हुनेछन् ।

**धारा-४०. पार्टी संयन्त्र :**

(क) पार्टीले प्रत्यक्ष रूपमा नेतृत्व गर्न नमिल्ने र कुनै जनसङ्गठनसँग मिल्दो प्रकृति पनि नभएका विभिन्न पेशागत, सामुदायीक तथा सरोकारवाला सङ्घ, सङ्गठन तथा संस्थाहरूमा पार्टी काम गर्न सम्बन्धित तहको पार्टी कमिटीले उपयुक्त पार्टी संयन्त्र गठन गर्नेछ।

(ख) पार्टीको उपस्थिति रहेको स्थानीय तहमा पार्टीको नीति, नेतृत्व र निर्णय लागू गरी तिनीहरूलाई प्रभावकारी र परिणाममुखी बनाउन सम्बन्धित तहको पार्टी कमिटीले स्थानीय तह पार्टी संयन्त्र गठन गर्नेछ ।

(ग) पार्टी संयन्त्रमा सम्बन्धित पार्टी कमिटीबाट तोकिएका प्रमुख, सचिव तथा सदस्यहरू समेत केन्द्रमा बढीमा ११, प्रदेश तहमा ९ र स्थानीय तहमा ७ जना रहनेछन् ।

(घ) पार्टी संयन्त्रमा सामान्यतः सङ्गठित पार्टी सदस्य तथा पार्टी सदस्य रहेका सम्बन्धित सङ्गठनका पदाधिकारी र सदस्यहरू रहनेछन् ।

(ङ) पार्टी संयन्त्र सम्बन्धित कमिटीले आवश्यक ठानेको अवधिसम्म सञ्चालित हुनेछ । जुन सङ्गठन वा संस्थामा पार्टी संयन्त्र गठन गरिएको हुन्छ त्यो सङ्गठन वा संस्था बिघटित भएमा वा त्यसको कार्यकाल समाप्त भएमा पार्टी संयन्त्रको कार्यकाल पनि स्वतः समाप्त हुनेछ ।

(च) पार्टी संयन्त्रका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. आफूसित सम्बन्धित पेशागत, सामुदायिक, जनप्रतिनिधिमूलक र सरोकारवाला सङ्घ-संस्थालाई पार्टीको नीति, निर्णय र निर्देशन अनुरूप सञ्चालन गर्ने,

२. सम्बन्धित पार्टी कमिटीको निर्णय र निर्देशनलाई बिनाशर्त पालना गर्ने,

३. सम्बन्धित पार्टी कमिटीप्रति उत्तरदायी रहने र नियमित

रूपमा आफ्ना कामको प्रतिवेदन पेश गर्ने,

४. सम्बन्धित पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

(छ) पार्टी संयन्त्रको सञ्चालन विधि संयन्त्र गठन गर्ने कमिटीले तोके बमोजिम हुनेछ ।

**धारा-४१. कार्यदल :**

(क) कुनै पनि पार्टी कमिटीले विशेष प्रयोजनको निम्ति आफ्नो तहमा विभिन्न कार्यदल गठन गर्न सक्नेछ ।

(ख) कार्यदलमा प्रमुख र सदस्यहरू रहनेछन् ।

(ग) कार्यदलका अधिकार, कर्तव्य र कार्यकाल कार्यदल गठन गर्ने कमिटीले तोके बमोजिम हुनेछ ।

# अध्याय आठ

## पदाधिकारी तथा सदस्यको योग्यता

**धारा-४२. केन्द्रीय निकाय तथा विभागका पदाधिकारी र सदस्यको योग्यता**

(क) राष्ट्रिय महाधिवेशनको प्रतिनिधि चुनिनका लागि महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिले सङ्गठित पार्टी सदस्य भई ७ वर्ष र अन्यले कम्तिमा १० वर्ष काम गरेको हुनु पर्नेछ ।

(ख) केन्द्रीय पदाधिकारी र स्थायी कमिटी सदस्य हुन एक कार्यकाल पोलिटब्युरो सदस्य भएको र पोलिटब्युरो सदस्य हुन कम्तिमा १ कार्यकाल केन्द्रीय कमिटीको पूर्ण सदस्य भएको हुनुपर्नेछ ।

(ग) केन्द्रीय कमिटीको सदस्य हुन देहायको योग्यता हुनु पर्नेछ :

१. केन्द्रीय कमिटी वा केन्द्रीय निकायको सदस्य भई काम गरेको वा,

२. सङ्गठित सदस्य भई कम्तिमा १२ वर्ष काम गरेको र प्रदेश कमिटीको सदस्य भई एक कार्यकाल वा जिल्ला कमिटीको सदस्य भई २ कार्यकाल काम गरेको हुनुपर्नेछ ।

३. महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका

व्यक्तिको हकमा भने सङ्गठित पार्टी सदस्य भई ९ वर्ष काम गरेको र कम्तिमा १ कार्यकाल जिल्ला कमिटीमा रहेर काम गरेको भए पुग्नेछ ।

४. माथिको योग्यता पूरा गर्नुपर्ने कुनै व्यक्ति राजनीतिक कारणले जेल परेमा जेल बसाईंको अवधिलाई पनि राजनीतिक निरन्तरतामा गणना गरिनेछ ।

(घ) केन्द्रीय आयोगको सदस्य हुन धारा ४१ (ग) को योग्यता पुगेको हुनुपर्नेछ ।

(ङ) केन्द्रीय आयोगको अध्यक्ष हुन धारा ४१ (ख) को योग्यता पुगेको हुनुपर्नेछ ।

(च) केन्द्रीय सल्लाहकार परिषद्को सदस्य हुन देहायको योग्यता हुनु पर्नेछ :

१. केन्द्रीय कमिटी वा केन्द्रीय निकायको पदाधिकारी वा सदस्य भई काम गरेको वा,

२. सङ्गठित सदस्य भई कम्तिमा १० वर्ष काम गरेको र दर्शनशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, परराष्ट्र मामिला, कानून र विज्ञान प्रविधि आदि विषयको विज्ञ,

३. अध्यक्ष हुन स्थायी कमिटी सदस्यको योग्यता पुगेको हुनुपर्नेछ ।

(छ) केन्द्रीय परिषद्को सदस्य हुन जिल्ला कमिटीका अध्यक्षको सरह योग्यता हुनुपर्नेछ ।

(ज) विभागीय सदस्य हुन देहाय बमोजिको योग्यता हुनुपर्नेछ :

१. केन्द्रीय विभागको सदस्य हुन कम्तिमा जिल्ला कमिटीको सदस्य भई काम गरेको हुनुपर्ने,

२. प्रदेश विभागको सदस्य हुन कम्तिमा सङ्घीय निर्वाचन क्षेत्रीय समन्वय कमिटीको सदस्य भई काम गरेको हुनुपर्ने,

३. जिल्ला विभागको सदस्य हुन कम्तिमा पालिका कमिटीको सदस्य भई काम गरेको हुनुपर्ने,

४. सम्बन्धित विषयको विज्ञ संङ्गठित सदस्य ।

**धारा-४३. प्रदेश कमिटीका पदाधिकारी र सदस्यको योग्यता :**

(क) प्रदेश अधिवेशनको प्रतिनिधि हुन सङ्गठित सदस्य भई कम्तिमा

८ वर्ष पार्टी काम गरेको हुनुपर्नेछ ।

(ख) प्रदेश कमिटीको सदस्य हुन देहायको योग्यता हुनुपर्नेछ :

१. प्रदेश कमिटीको सदस्य भई काम गरेको वा जिल्ला कमिटीमा रही दुई कार्यकाल काम गरेको र सङ्गठित सदस्य भई १० वर्ष काम गरेको ।

२. महिला, दलित र सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने सङ्गठित सदस्य भई ७ बर्ष काम गरी कम्तिमा १ कार्यकाल जिल्ला कमिटीमा रही काम गरेको भए पुग्ने छ ।

(ग) प्रदेश कमिटीको पदाधिकारी र सचिवालय सदस्य हुन प्रदेश कमिटीमा रही एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

(घ) प्रदेश परिषद् सदस्य हुन जिल्ला कमिटीका पदाधिकारी सरहको योग्यता हुनुपर्नेछ ।

**धारा-४४. प्रदेश आयोगका पदाधिकारी र सदस्यको योग्यता :**

(क) प्रदेश आयोगको सदस्य हुन धारा ४२ (ख) को योग्यता भएको हुनु पर्नेछ ।

(ख) प्रदेश आयोगको अध्यक्ष हुन धारा ४२ (ग) को योग्यता पुगेको हुनु पर्नेछ ।

**धारा-४५. स्थानीय कमिटी पदाधिकारी तथा सदस्यको योग्यता :**

(क) जिल्ला अधिवेशनको प्रतिनिधि निर्वाचित हुन पार्टी सदस्य भई ६ बर्ष काम गरेको हुनुपर्नेछ । महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा सङ्गठित सदस्य भई ४ बर्ष काम गरेको भए हुनेछ ।

(ख) जिल्ला कमिटीको सदस्य हुन देहायको योग्यता पुगेको हुनुपर्नेछ :

१. जिल्ला कमिटीको पदाधिकारी वा सदस्य भई काम गरेको वा,

२. पार्टी सदस्य भई ७ वर्ष काम गरेको र प्रदेश निर्वाचन क्षेत्रीय समन्वय कमिटीमा कम्तिमा ४ वर्ष काम गरेको,

३. महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा सङ्गठित सदस्य भई ५ बर्ष काम गरेको र मातहत कमिटीमा १ कार्यकाल काम गरेको भए पुग्नेछ ।

४. जिल्ला कमिटीको पदाधिकारी र सचिवालय सदस्य हुन १

कार्यकाल जिल्ला कमिटीमा काम गरेको ।

(ग) अन्य स्तरका कमिटीका पदाधिकारी र सदस्यको योग्यता तोकिए बमोजिम हुनेछ ।

# अध्याय नौ

## निर्वाचन, मनोनयन, सपथ ग्रहण, कार्यकाल, पद रिक्तता र पदपूर्ति

**धारा-४६. निर्वाचन :**

(क) पार्टी केन्द्रीय कमिटी र केन्द्रीय आयोगका सदस्यहरूको निर्वाचन राष्ट्रिय महाधिवेशनले गर्ने छ ।

(ख) पार्टी केन्द्रीय कमिटीका पदाधिकारीहरूको चयन केन्द्रीय कमिटीले र आयोगका पदाधिकारीहरूको चयन सम्बन्धित आयोगले गर्ने छ ।

(ग) पार्टी केन्द्रीय सदस्य र केन्द्रीय आयोगका सदस्यहरूको निर्वाचनका लागि महाधिवेशनको हलबाट निर्वाचन कमिटीको चयन गरिने छ ।

(घ) प्रदेश कमिटी र प्रदेश आयोगका पदाधिकारी एवं सदस्यहरूको र पार्टी सम्बद्ध जनसङ्गठनका केन्द्रीय पदाधिकारी एवं सदस्यहरूको निर्वाचन केन्द्रीय निर्वाचन आयोगले गराउनेछ ।

(ङ) पार्टीका जिल्ला तथा नगर र गाउँ कमिटीका पदाधिकारी एवं सदस्यहरूको र पार्टी सम्बद्ध जनसङ्गठनका प्रदेश तथा जिल्ला पदाधिकारी एवं सदस्यहरूको निर्वाचन प्रदेश निर्वाचन आयोगले गराउनेछ ।

**धारा-४७. निर्वाचन विधि :**

(क) सबै तहका पार्टी कमिटी र अधिवेशनका प्रतिनिधिहरूको निर्वाचनका लागि आम रूपमा भूगोल, खुल्ला र समावेशी गरी तीन क्षेत्र तोकिनेछन् ।

(ख) सबै तहका निर्वाचित पार्टी कमिटीहरू स्थानीय विशेषता अनुरूप समावेशी चरित्रका हुनेछन्, तीनमा न्यूनतम ३३ प्रतिशत महिला सदस्य रहनेछन् र युवा तथा दलितको सहभागितामा उचित

ध्यान दिनु पर्नेछ ।

(ग) महिला प्रतिनिधित्वको स्वरूप पनि समावेशी चरित्रको हुनुपर्नेछ। न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यहरूको स्थान खाली रहनेछ ।

(घ) पार्टी कमिटीहरूमा स्थानीय विशेषता अनुरूप श्रमिक, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको यथासम्भव समावेशी प्रतिनिधत्व हुनेछ ।

(ङ) समावेशीताको आधार सामान्यतया सम्बन्धित वर्ग वा समुदायको सङ्गठित सदस्य सङ्ख्यालाई बनाइने छ ।

**धारा-४८. मनोनयन** :

(क) महाधिबेशन तथा विभिन्न तहका अधिवेशनका लागि निर्वाचित प्रतिनिधिहरूको ५ प्रतिशतमा नबढ्ने गरी सम्बन्धित कमिटीले प्रतिनिधिहरू मनोनयन गर्न सक्नेछ ।

(ख) सबै तहका निर्वाचित पार्टी कमिटीहरूले आफ्नो कमिटीका निर्वाचित सदस्यहरूको कूल सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुनेगरी आफ्नो कमिटीमा सदस्य मनोनित गर्न सक्नेछन् ।

(ग) केन्द्रीय आयोगहरूले आफ्नो आयोगमा निर्वाचित सदस्यहरूको कूल सङ्ख्याको १० प्रतिशतसम्म सदस्य मनोनित गर्न सक्नेछन् ।

(घ) समन्वय कमिटी गठन गर्ने कमिटीले उक्त समन्वय कमिटीका कुल सदस्य सङ्ख्याको २० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ ।

(ङ) केन्द्रीय कमिटीले एकता र एकीकरण प्रक्रियालाई अघि बढाउन आवश्यकताअनुरूप कूल निर्वाचित सदस्य सङ्ख्याको २० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ ।

**धारा-४९. शपथ ग्रहण :**

(क) देहायका व्यक्तिहरूले अनुसूचि (९) बमोजिमको शपथ ग्रहण गर्नुपर्नेछ :

१. पार्टी सदस्यता र सङ्गठित पार्टी सदस्यता प्राप्त गर्ने व्यक्ति,

२. पार्टी कमिटी, आयोग र परिषद्मा निर्वाचित वा मनोनित पदाधिकारी र सदस्य ।

(ख) सपथ ग्रहण गर्ने व्यक्तिले सपथ पत्रमा हस्ताक्षर गरी सम्बन्धित कमिटीमा बुझाउनु पर्नेछ ।

**धारा-५०. कार्यकाल तथा उमेरहद :**

(क) केन्द्रीय कमिटी र प्रदेश कमिटीको ५ वर्ष, जिल्ला कमिटीको ४ वर्ष, नगर र गाउँ कमिटीको ३ वर्ष, वडा कमिटीको २ वर्ष र प्रारम्भिक कमिटीको १ वर्षको कार्यकाल हुनेछ ।

(ख) केन्द्रदेखि जिल्ला तहसम्मका पदाधिकारी एउटा पदमा दुई कार्यकालभन्दा बढी रहने छैनन् ।

(ग) कुनै पनि तहको आरक्षित पदमा एक व्यक्ति दुई कार्यकालभन्दा बढी रहने छैनन् ।

(घ) सबै कार्यकारी कमिटीमा निर्वाचित वा मनोनित हुन उमेरको हद ७० वर्ष हुनेछ ।

**धारा-५१. राजीनामा :**

(क) कुनै पनि निर्वाचित कमिटी र आयोगका पदाधिकारी वा सदस्यले पदबाट राजीनामा दिन चाहेमा अध्यक्षबाहेक अन्य पदाधिकारी र सदस्यले आफ्नो अध्यक्षसमक्ष र अध्यक्षले उपाध्यक्ष वा सचिवसमक्ष राजीनामा पेश गर्नेछन् ।

(ख) उपधारा (क) बमोजिम आएको राजीनामा स्वीकृत गर्ने नगर्ने निर्णय सम्बन्धित कमिटी वा आयोगको बैठकले गर्नेछ ।

(ग) कुनै पनि तहको सल्लाहकार परिषद्का पदाधिकारी वा सदस्यले पदबाट राजीनामा दिन चाहेमा अध्यक्षवाहेक अन्य पदाधिकारी र सदस्यले आफ्नो अध्यक्षसमक्ष र अध्यक्षले उपाध्यक्ष वा सचिवसमक्ष राजीनामा पेश गर्नेछन् र सम्बन्धित परिषद्ले राजीनामा स्वीकृत गर्ने/नगर्ने निर्णय गर्नेछ ।

(घ) समन्वय कमिटीका मनोनित सदस्य र विभागका प्रमुख तथा उपप्रमुखले पदबाट राजीनामा दिन चाहेमा आफूलाई मनोनित गर्ने कमिटीका अध्यक्षसमक्ष राजीनामा पेश गर्नेछन् र सम्बन्धित कमिटीले राजीनामा स्वीकृत गर्ने/नगर्ने निर्णय गर्नेछ ।

(ङ) विभागका सदस्यले पदबाट राजीनामा दिन चाहेमा विभाग प्रमुखसमक्ष राजीनामा पेश गर्नेछन् र सम्बन्धित विभागले राजीनामा स्वीकृत गर्ने/नगर्ने निर्णय गर्नेछ ।

(च) संयन्त्र र कार्यदलका पदाधिकारी तथा सदस्यले पदबाट राजीनामा दिन चाहेमा आफूलाई मनोनित वा नियुक्त गर्ने कमिटीका अध्यक्षसमक्ष पेश गर्नेछन् र सम्बन्धित कमिटीले राजीनामा स्वीकृत गर्ने/नगर्ने निर्णय गर्नेछ ।

**धारा-५२. पद रिक्तता :**

(क) देहायको अवस्थामा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ :

१. पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

२. पार्टी परित्याग गरेमा,

३. अनुशासनको कारबाहीमा परी पदबाट निष्काशित भएमा,

४. विभाग, कार्यदल, संयन्त्र आदिमा रहेका व्यक्तिलाई सम्बन्धित पार्टी कमिटीले जिम्मेवारीबाट हटाएमा,

५. विना उचित कारण र विना सूचना लगातार ३ पटकसम्म कमिटीको बैठकमा अनुपस्थित भएमा,

६. कुनै कमिटी पदाधिकारी वा सदस्यमा निर्वाचित व्यक्तिको तोकिएको योग्यता नपुगेको प्रमाणित भएमा ।

७. मृत्यु भएमा ।

**धारा-५३. पदपूर्ति :**

(क) धारा ५१ (क) बमोजिम पार्टीको कुनै पनि कमिटी वा आयोगका पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित कमिटी वा आयोग आफैंले पदपूर्ति गर्ने छ ।

(ख) कुनैपनि मनोनित सदस्य, सल्लाहकार परिषद्का पदाधिकारी एवं सदस्य र विभाग, संयन्त्र तथा कार्यदलका सदस्यको पद रिक्त भएमा सम्बन्धित कमिटीको सामान्य बहुमतले पूर्ति गर्नेछ ।

# अध्याय दश

## कार्यविभाजन, जिम्मेवारी पालना र अनुगमन तथा मूल्याङ्कन

**धारा-५४. कार्यविभाजन :**

(क) हरेक कमिटीले एक व्यक्ति एक मुख्य जिम्मेवारीको सिद्धान्त अवलम्बन गरी आफ्नो कमिटीका सबै पदाधिकारी र सदस्यलाई एउटा मुख्य जिम्मेवारी र आवश्यकतानुसार थप सहायक जिम्मेवारी तोक्नु पर्नेछ ।

(ख) कार्य विभाजन गर्दा कमिटीको ६० प्रतिशत जनशक्ति भूगोलको पार्टी काममा, २० प्रतिशत विभागीय काममा र २० प्रतिशत जनसङ्गठनमा विन्यास गर्ने गरी गरिनेछ ।

(ग) सङ्घीय तथा प्रदेश सरकार र स्थानीय तहको मुख्य कार्यकारी पदमा रहेका व्यक्तिले पार्टी कमिटीको मुख्य कार्यकारी जिम्मेवारी लिनेछैनन् ।

**धारा-५५. एकभन्दा बढी कार्यकारी कमिटीको पदाधिकारीमा नरहने**

(क) कुनै पनि व्यक्ति एकैपटक पार्टीको एकभन्दा बढी कार्यकारी कमिटीको पदाधिकारीमा रहने छैनन् ।

(ख) माथिल्लो तहको परिषद्को सदस्य एक तह तल्लो कमिटीको सदस्य र अर्को एक तह तल्लो कमिटीको पदाधिकारीमा रहन सक्ने छन् ।

**धारा-५६. अनुगमन तथा मूल्याङ्कन :**

(क) सबै कमिटीले निश्चित विधि अबलम्बन गरी आफ्नो र मातहत कमिटीका पदाधिकारी एवं सदस्यहरूका कामको अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

(ख) सबै कमिटीले आफ्नो कमिटी र मातहतका कमिटीबाट सरकार, संसद र स्थानीय तहमा गएका र राजनीतिक नियुक्ति प्राप्त गरेका पदाधिकारी एवं सदस्यहरूका कामको अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

# अध्याय एघार

## जनसङ्गठन, मोर्चा, सम्पर्क मञ्च र प्रवासको पार्टी काम

**धारा-५७. जनसङ्गठन तथा मोर्चा :**

(क) पार्टी सम्बद्ध जनसङ्गठनहरू देहाय बमोजिम हुनेछन् :

१. जनवर्गीय सङ्गठन

२. पेशागत सङ्गठन

३. सामुदायिक तथा सामाजिक सङ्गठन

(ख) पार्टी सम्बद्ध जनसङ्गठनहरू पार्टीको राजनीतिक नेतृत्व र आफ्नो विधान अनुरूप सञ्चालित हुनेछन् ।

(ग) जनसङ्गठनका पदाधिकारी र सदस्यहरूको पार्टी हैसियत तोकिए बमोजिम हुनेछ ।

(घ) जनसङ्गठनहरूलाई समन्वयात्मक ढङ्गले सञ्चालन गर्न जनसङ्गठनका नेताहरू सम्मिलित एक मोर्चा निर्माण गरिनेछ।

(ङ) मोर्चामा सम्बन्धित तहको पार्टी कमिटीले तोकेका संयोजक, सहसंयोजक र सचिव तथा मोर्चामा आबद्ध जनसङ्गठनका अध्यक्ष र पार्टी इञ्चार्जहरू सदस्य रहनेछन् ।

(च) मोर्चाका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. मोर्चामा आबद्ध जनसङ्गठनहरूलाई पार्टीको तर्फबाट राजनीतिक नेतृत्व प्रदान गर्ने,

२. मोर्चामा आबद्ध जनसङ्गठनहरूवीच समन्वय कायम गर्ने,

३. मोर्चामा आबद्ध जनसङ्गठनहरूलाई साझा हितका विषयहरूमा सामुहिक र समन्वयात्मक ढङ्गले परिचालित गर्ने,

४. सम्बन्धित तहको पार्टी कमिटीसमक्ष आफ्ना कामको प्रतिवेदन पेश गर्ने ।

(छ) मोर्चाको सञ्चालन विधि मोर्चा सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

**धारा-५८. प्रवासको पार्टी काम :**

(क) विभिन्न मुलुकमा छरिएर रहेका प्रवासी नेपालीहरूमाझ पार्टी काम पुऱ्याउन प्रवासी नेपाली सङ्घ वा प्रवासी नेपाली मञ्च जस्ता सङ्गठन निर्माण गरिने छ ।

(ख) प्रवासी नेपाली सङ्घ वा मञ्च पार्टीले संयन्त्रमार्फत प्रदान गर्ने राजनीतिक नेतृत्व र आफ्नो विधान अनुरूप चल्नेछन् ।

(ग) प्रवासी नेपाली सङ्घ वा मञ्चको ढाँचा, पार्टी हैसियत र सञ्चालन विधि प्रवासको पार्टी काम सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

# अध्याय बाह्र

## संसद र स्थानीय तह

**धारा-५९. संसद र स्थानीय तह कामका क्षेत्र हुने :**

(क) सङ्घीय संसद, प्रदेश संसद र स्थानीय तह पार्टी कामका महत्वपूर्ण क्षेत्र हुनेछन् ।

(ख) पार्टीले सङ्घीय संसद तथा प्रदेश सभामा संसदीय दल, विभाग र बोर्डमार्फत आफ्नो नीति, नेतृत्व र निर्णय लागू गर्नेछ । स्थानीय तहमा उक्त कार्य स्थानीय तह दलमार्फत गरिनेछ ।

**धारा-६०. सङ्घीय संसदीय दल :**

(क) सङ्घीय संसदीय दलको गठन :

१. नेकपा (एमाले) बाट विद्रोह गरी नेकपा (एकीकृत समाजवादी) मा सामेल भएका तथा तत्पश्चात् पार्टीको चुनाव चिन्हमा विजयी बनेका र दलको सदस्यता ग्रहण गरेका सांसदहरू रहने गरी पार्टीको सङ्घीय संसदीय दल गठन हुनेछ ।

२. संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी पार्टी केन्द्रीय कमिटीबाट अनुमोदन गराउने छ र त्यसैका आधारमा कार्य गर्नेछ ।

३. केन्द्रीय कमिटीले पार्टीको कार्यक्रम र नीति अनुरूप संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ ।

४. संसदीय दलका सदस्यरूले पार्टी केन्द्रीय कमिटीले तोकेको जिम्मेवारी पूरा गर्नुपर्ने छ र आफू सम्बद्ध पार्टी कमिटीले तोकेको कार्यक्षेत्र एवं आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनुपर्नेछ ।

५. संसदीय दल र सांसदहरू जनता र पार्टीप्रति उत्तरदायी हुनेछन् । पार्टीको नीति, घोषणा पत्र र निर्णयहरूको पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

६. संसदीय दलका अधिकार र कर्तव्य दलको विधान र नियमावली बमोजिम हुनेछन् ।

(ख) दलका पदाधिकारीहरूको चयन :

१. संसदीय दलले आफ्नो विधान र नियमावली अनुरूप दलको नेता, उपनेता तथा राष्ट्रिय सभा दलको नेता चयन गर्नेछ ।

२. दलको नेताले प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन् ।

(ग) संसदीय बोर्डको गठन :

१. पार्टीको तर्फबाट संसदमा गरिने कामलाई प्रभावकारी बनाउन दलको नेता, उपनेता, राष्ट्रिय सभा दलको नेता, प्रमुख सचेतक, सचेतक र सदस्यहरू रहेको संसदीय बोर्ड गठन गरिनेछ ।

२. दलको नेता बोर्डको प्रमुख हुनेछन् ।

३. संसदीय बोर्डका अधिकार र कर्तव्य दलको विधान र नियमावली बमोजिम हुनेछन् ।

**धारा-६१. प्रदेश संसदीय दल :**

(क) प्रदेश संसदीय दलको गठन :

१. नेकपा (एमाले)बाट विद्रोह गरी नेकपा (एकीकृत समाजवादी) मा सामेल भएका प्रदेश सभा सदस्यहरु तथा तत्पश्चात् पार्टीको चुनाव चिन्हमा विजयी बनेका र दलको सदस्यता ग्रहण गरेका प्रदेश सभा सदस्यहरू रहने गरी पार्टीको प्रदेश संसदीय दल गठन हुनेछ ।

२. प्रदेश संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी पार्टीको प्रदेश कमिटीबाट अनुमोदन गराउने छ र त्यसैका आधारमा कार्य गर्नेछ ।

३. प्रदेश कमिटीले पार्टीको कार्यक्रम र नीति अनुरूप प्रदेश संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ ।

४. संसदीय दलका सदस्यरूले पार्टीको प्रदेश कमिटीले तोकेको जिम्मेवारी पूरा गर्नुपर्नेछ र आफू सम्बद्ध पार्टी कमिटीले तोकेको कार्यक्षेत्र एवं आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनुपर्नेछ ।

५. प्रदेश संसदीय दल र दलका सदस्यहरू जनता र पार्टीप्रति उत्तरदायी हुनेछन् । पार्टीका नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

६. प्रदेश संसदीय दलका अधिकार र कर्तव्य दलको विधान र नियमावली बमोजिम हुनेछन् ।

(ख) प्रदेश संसदीय दलका पदाधिकारीहरूको चयन

१. प्रदेश संसदीय दलले आफ्नो विधान तथा नियमावली अनुरूप दलको नेता र उपनेताको चयन गर्नेछ ।

२. दलको नेताले प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन् ।

(ग) प्रदेश संसदीय बोर्डको गठन :

१. पार्टीको तर्फबाट प्रदेश सभामा गरिने कामलाई प्रभावकारी बनाउन दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक र सदस्यहरू रहेको प्रदेश संसदीय बोर्डको गठन गरिनेछ । दलको नेता बोर्डको प्रमुख हुनेछन् ।

२. प्रदेश संसदीय बोर्डका अधिकार र कर्तव्य प्रदेश संसदीय दलको विधान र नियमावली बमोजिम हुनेछन् ।

**धारा-६२. स्थानीय तह दल :**

(क) स्थानीय तह दल गठन

१. पार्टीको उपस्थिति रहेको हरेक स्थानीय तहमा सम्बन्धित तहको पार्टी कमिटीले स्थानीय तह दलमार्फत पार्टीको नीति, नेतृत्व र निर्णयहरू लागु गर्नेछ ।

२. धारा ६२ (क) १ को प्रयोजनका लागि सम्बन्धित तहको पार्टी कमिटीले नेकपा (एमाले) बाट विद्रोह गरी नेकपा (एकीकृत समाजवादी) मा सामेल भएका र तत्पश्चात् पार्टीको चुनाव चिन्हमा विजयी भएका तथा अन्य दलबाट पार्टीमा प्रवेश गरेका स्थानीय तहका जनप्रतिनिधिहरूलाई समावेश गरी स्थानीय तह दल गठन गर्नेछ ।

३. स्थानीय तहमा कार्यरत पार्टीका जनप्रतिनिधिहरू जनता र पार्टीप्रति उत्तरदायी हुनेछन् । पार्टीको नीति, घोषणा पत्र र निर्णयहरूको पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

४. स्थानीय तह दलका अधिकार र कर्तव्य सम्बन्धित पार्टी कमिटीले तोके बमोजिम हुनेछन् ।

# अध्याय तेह्र

## सङ्गठनात्मक सिद्धान्त, पद्धति र अनुशासन

**धारा-६३. सङ्गठनात्मक सिद्धान्त र पद्धति :**

(क) पार्टीको सङ्गठनात्मक सिद्धान्त र पद्धति देहाय बमोजिम हुनेछ :

१. पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता अर्थात् स्वतन्त्रता र अनुशासनको सिद्धान्त हो । द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण, श्रमजीवी वर्गपक्षधरता र समाजको आमूल परिवर्तन गर्ने दृष्टिकोण यस सिद्धान्तका सार पक्ष हुन् भने सङ्गठनात्मक संरचनामा मातहतीय प्रणाली एवं पद्धति यस सिद्धान्तको रुप पक्ष हो ।

२. पार्टीको सङ्गठनात्मक जीवनमा व्यक्ति कमिटीको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत, सबै सदस्य तथा कमिटीहरू केन्द्रीय कमिटीको मातहत, केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशनको मातहत र महाधिवेशन प्रतिनिधिहरूमार्फत सङ्गठित पार्टी सदस्यहरूको मातहत हुनेछ ।

३. पार्टीको सार्वभौम अधिकार सङ्गठित पार्टी सदस्यमा निहीत रहनेछ ।

४. पार्टीको निर्णय प्रकृयामा जनवाद प्रधान र निर्णय कार्यान्वयनमा केन्द्रीयता प्रधान हुनेछ। निर्णय प्रकृयामा मत राख्ने स्वतन्त्रता र निर्णय कार्यान्वयनमा एक रूपता हुनेछ।

५. जिल्ला कमिटी वा सोभन्दा माथिल्लो कमिटीको निर्णयबाट विशेष काममा खटाइएकाबाहेक सम्पूर्ण सङ्गठित पार्टी सदस्यहरू पार्टीको कुनै न कुनै कमिटी, आयोग, परिषद्, विभाग, सेल, संयन्त्र, सम्पर्क मञ्च वा पार्टी सम्बद्ध जनवर्गीय सङ्गठनमा सङ्गठित हुनुपर्नेछ।

६. कुनै पनि मातहत कमिटीले माथिल्लो कमिटीको वा सदस्यले कमिटीको निर्णय र विचारप्रति आफ्नो कमिटीमा मौखिक वा लिखित असहमति प्रकट गर्न पाउने छन् तर हरेक सदस्य वा कमिटीले सम्बन्धित कमिटीको बहुमत र माथिल्लो कमिटीले गरेको निर्णय पालना गर्नुपर्नेछ र बहुमतले अल्पमतको कदर गर्नुपर्नेछ।

७. सङ्गठित पार्टी सदस्यले विधानको अधिनमा रही राष्ट्रियमशाधिवेशन वा अधिवेशन वा आफ्नो कमिटीको बैठकमा मत राख्न पाउने छन्। फरक मतका कारणले कसैप्रति भेदभाव गरिने छैन। फरक मत राख्नेले आफ्नो पदीय वा सङ्गठनात्मक दायित्व निर्वाह र अनुशासनको पालना गरिरहनु पर्नेछ।

८. कमिटीको निर्णय पुस्तिकामा औपचारिक रूपले उल्लेख गरिएको वा लिखित रूपमा सम्बन्धित कमिटीमा प्रस्तुत गरिएको मतलाई मात्र फरक मत मानिनेछ। यस्तो मतका सम्बन्धमा छलफलको माग भएमा तोकिएको प्रक्रिया अनुरूप छलफलमा लान सकिनेछ।

९. राष्ट्रिय महाधिवेशनका निर्णय विपरीतका वा ती निर्णयसँग असहमतिका विषयलाई अर्को राष्ट्रिय महाधिवेशन वा केन्द्रीय कमिटीले बहस खुला गरेको अवस्थामा तोकिएको प्रक्रियाद्वारा मात्र उठाउन पाइनेछ। त्यस्ता असहमति तोकिएको प्रक्रिया अनुरूप राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्न सकिनेछ।

**धारा-६४. अनुशासनको कारबाही :**

(क) देहायको अवस्था प्रमाणित भएमा कुनै पनि तहको पदाधिकारी, सदस्य र कमिटीमाथि अनुशासनको कारबाही हुनेछ :

१. पार्टीको वैधानिक व्यवस्था र कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेको,

२. पार्टीप्रतिको निष्ठा र विश्वास नरहेको,

३. पार्टी निर्णय उलङ्घन गरेको,

४. पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेको,

५. पार्टी कमिटीको गोपनीयता भङ्ग गरेको,

६. पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानको विपक्षमा रहेको वा विरोधीसँग साँठगाँठ गरेको,

७. कुनै पनि जनप्रतिनिधिमूलक संस्थाको निर्वाचनमा पार्टीको निर्णयविपरीत उम्मेदवार बनेको, पार्टीको उम्मेदवार विरुद्ध प्रचार गरेको वा पार्टीको उम्मेदवारका विरुद्धमा उठ्ने अन्य कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक बनेको वा त्यस्तो उम्मेदवारको पक्षमा कुनै काम गरेको,

८. केन्द्र तथा प्रदेश सरकार, स्थानीय तह र जनप्रतिनिधि संस्था लगायत पार्टीले पठाएको कुनै पनि जिम्मेवारीमा रहदा पार्टी निर्णय र निर्देशन विपरीत कार्य गरेको,

९. नैतिक पतन देखिने फौजदारी कसुर गरेको, भ्रष्ट तथा अनैतिक आचरण गरेको र भ्रष्ट वा अवाञ्छित तत्वसँग साँठगाँठ गरेको तथा राष्ट्रको हित विपरीत काम गरेको,

१०. पार्टीले माग गरेको अवस्थामा सम्पत्तिको यथार्थ विवरण नदिई लुकाएर राखेको, झुट्ठा विवरण पेस गरेको वा स्रोत खुलाउन नचाहेको,

११. पदीय आचरण वा पार्टीहित विपरीत आर्थिक अनुशासनहीनता या पार्टी सम्पत्तिको हिनामिनामा संलग्न भएको,

१२. छुवाछुत, जातीय भेदभाव, बहुविवाह र लैङ्गिक हिंसाका क्रियाकलाप गरेको,

१३. पार्टीको विधान र नियमावलीमा पार्टी सदस्य वा पार्टी कमिटीहरूले पालन गर्नुपर्ने भनी उल्लेखित कर्तव्यको उलङ्घन गरेको ।

(ख) अनुशासनको कारबाही र कारबाहीको प्रक्रिया देहाय बमोजिम हुनेछ :

१. धारा ६४ (क) मा उल्लेखित क्रियाकलाप गरे वापत त्यसको प्रकृति र परिणाम हेरी सदस्यको हकमा सम्बन्धित कमिटीले आलोचना गर्ने वा लिखित रूपमा आत्मालोचना गराउने वा स्पष्टीकरण माग्ने वा चेतावनी दिने वा पद वा सदस्यताबाट निलम्बन गर्ने वा पार्टी सदस्यताबाट निष्काशन गर्नेसम्मको कारबाही गर्न सक्नेछ ।

२. कुनै पनि कमिटी वा सदस्यले आफूलाई तोकिएको दायित्व र जिम्मेवारी पालना नगरेमा कमिटीको हकमा माथिल्लो कमिटीले विघटन गर्न सक्नेछ र सदस्यको हकमा सम्बन्धित कमिटीले ठोस आधार तथा कारण खुलाई एक पद घटुवा गर्न सक्नेछ तर त्यस्तो निर्णय एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि मात्र लागू हुनेछ ।

३. प्रारम्भिक कमिटीदेखि प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय कमिटीसम्मलाई अनुशासनको कारबाही गर्ने अधिकार जिल्ला कमिटीलाई हुनेछ तर त्यसको अनुमोदन एक तह माथिल्लो कमिटीबाट गराउनु पर्नेछ ।

४. जिल्ला कमिटीलाई केन्द्रीय कमिटीको अनुमोदनमा प्रदेश कमिटीले कारबाही गर्नेछ र त्यस्तो कारबाही केन्द्रीय कमिटीबाट अनुमोदन भएपछि लागू हुनेछ । सोभन्दा माथिको कमिटीलाई कारबाही गर्ने अधिकार केन्द्रीय कमिटीलाई हुनेछ ।

५. अनुशासनको कारबाहीस्वरूप निलम्बनमा परी फुकुवा भएको सदस्यले ६ महिनासम्म पार्टीको कुनै पनि तह र जनप्रतिनिधिमूलक निकायको निर्वाचनमा उम्मेद्वार हुन पाउने छैनन् ।

६. सङ्गठित सदस्यताबाट निलम्बन गर्ने अधिकतम अवधि दुई बर्षसम्म हुनेछ ।

७. सङ्घीय संसदीय दलको सदस्यले पार्टी अनुशासनको उलङ्घन वा पार्टी निर्णयको अवज्ञा वा पार्टीको हित र प्रष्तिठामा आँच पुऱ्याउने काम गरेमा संसदीय कामसँग सम्बन्धित विषयमा पार्टी केन्द्रीय कमिटीले र पार्टी कामसँग सम्बन्धित विषयमा निज सङ्गठित रहेको पार्टी कमिटीले कारबाही गर्नेछ ।

८. प्रदेश संसदीय दलको सदस्यले पार्टी अनुशासनको उलङ्घन वा पार्टी निर्णयको अवज्ञा वा पार्टीको हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा संसदीय कामसँग सम्बन्धित विषयमा प्रदेश कमिटीले र पार्टी कामसँग सम्बन्धित विषयमा निज सङ्गठित रहेको पार्टी कमिटीले कारबाही गर्नेछ ।

९. स्थानीय तहमा कार्यरत जनप्रतिनिधिले पार्टी अनुशासनको उलङ्घन वा पार्टी निर्णयको अवज्ञा वा पार्टीको हित र प्रष्तिठामा आँच पुऱ्याउने काम गरेमा सम्बन्धित तहको पार्टी कमिटीले कारबाही गर्नेछ । त्यस्तो कारबाही एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन हुनेछ ।

१०. पार्टीका विरुद्ध शत्रुतापूर्ण गतिविधि गरेको वा धारा ११ (क) बमोजिम स्वतः पार्टी सदस्यता समाप्त हुने अवस्थामा बाहेक कुनै पनि सदस्य वा कमिटीउपर अन्तिम कारबाही गर्नु अघि स्पष्टीकरणको मौका दिइनेछ ।

११. आफूमाथि भएको कारबाही चित्त नबुझे माथिल्लो कमिटीमा र केन्द्रीय कमिटीको निर्णय चित्त नबुझे केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन गर्न सकिनेछ । केन्द्रीय अनुशासन आयोगको निर्णय चित्त नबुझेमा राष्ट्रिय महाधिबेशनसमक्ष पुनरावेदन गर्न सकिनेछ ।

# अध्याय चौध

## विशेष महाधिवेशन र बैठकहरू

**धारा-६५. विशेष महाधिवेशन** :

(क) ठोस कार्यसूची र उचित कारण दर्शाई बहुमत जिल्ला कमिटीहरूले लिखित रूपमा माग गरेको खण्डमा मागपत्र दर्ता गरेको मितिले ६ महिनाभित्र केन्द्रीय कमिटीले विशेष महाधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) धारा ६५ (क) बमोजिम महाधिवेशन आयोजना नगरिएमा महाधिवेशनको माग गर्ने कमिटी वा सदस्यहरूले महाधिवेशन आयोजक कमिटी बनाई विशेष महाधिवेशन आयोजना गर्न सक्नेछन् ।

(ग) विशेष परिस्थिति उत्पन्न भई केन्द्रीय कमिटीले आवश्यक ठानेको अवस्थामा विशेष महाधिवेशनको आयोजना हुन सक्नेछ ।

**धारा-६६. राष्ट्रिय सम्मेलन** :

(क) केन्द्रीय कमिटीले आवश्यक ठानेको अवस्थामा राष्ट्रिय सम्मेलनको आयोजना गर्न सक्नेछ ।

(ख) राष्ट्रिय सम्मेलनका प्रतिनिधि केन्द्रीय कमिटीले तोक्ने छ ।

(ग) राष्ट्रिय सम्मेलनले पार्टीका सैद्धान्तिक, वैचारिक, राजनीतिक र सङ्गठनात्मक सवालमा निर्णय गर्न सक्नेछ ।

**धारा-६७. बैठक** :

(क) पार्टी कमिटी, सल्लाहकार परिषद्, सचिवालय र विभागका बैठक देहाय बमोजिम हुनेछन् :

१. सामान्यतया केन्द्रीय परिषद्को बैठक १ वर्षमा, केन्द्रीय कमिटीको बैठक ६ महिनामा, पोलिटब्युरोको बैठक ४ महिनामा, स्थायी कमिटीका बैठक दुई महिना, प्रदेश कमिटीको बैठक ४ महिना, जिल्ला कमिटी बैठक ३

महिना, निर्वाचन क्षेत्रीय समन्वय कमिटीको बैठक २ महिना र नगर, गाउँ, वडा र प्रारम्भिक कमिटीको बैठक १ महिनामा नबढाई आयोजना गर्नुपर्नेछ ।

२. सचिवालय, कार्यालय र विभागका बैठक आवश्यकतानुसार हुनेछन् ।

३. सबै तहका सल्लाहकार परिषद्हरूका बैठक आवश्यकता अनुसार आयोजना गरिनेछ ।

४. कमिटीका २५ प्रतिशत सदस्यहरूले माग गरेको खण्डमा केन्द्रीय कमिटीको बैठक १ महिनाभित्र  र अन्य कमिटीको बैठक १५ दिनभित्र बोलाउनु पर्नेछ ।

५. अनुशासन आयोग, लेखापरीक्षण आयोग, निर्वाचन आयोगका बैठक आ-आफ्नो कार्य-सम्पादन नियमावलीमा तोकिए बमोजिम हुनेछन् ।

(ख) तोकिएको समयमा बैठक भए नभएको अनुगमन माथिल्लो कमिटीले गर्नेछ ।

**धारा-६८. बहुमतको निर्णय पार्टी निर्णय** :

(क) राष्ट्रिय महाधिवेशन, अधिवेशन, परिषद् र बैठकहरूमा सबै विषयमाथि छलफल गर्दा जनवादी प्रक्रिया अपनाइने छ । निर्णय प्रक्रियामा मत विभाजन भएमा बहुमतको निर्णय नै पार्टी निर्णय हुनेछ ।

(ख) निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमति सम्बन्धित महाधिवेशन, अधिवेशन वा बैठकसमक्ष लिखित रूपमा प्रस्तुत गर्नुपर्ने छ ।

(ग) फरक मत प्रस्तुत गर्ने सदस्यले आफ्नो मत छलफलमा लैजान माग गरेमा र सम्बन्धित कमिटीले आवश्यक ठानेमा निर्णित विषयलाई कार्यान्वयन गर्ने गरी विधि र प्रक्रिया खुलाई छलफलको अनुमति दिन सकिनेछ ।

# अध्याय पन्ध्र

## पार्टी कोष र सम्पत्तिको व्यवस्था

**धारा-६९. पार्टी कोष :**

(क) पार्टीको एउटा केन्द्रीय कोष हुनेछ। त्यसमा देहाय बमोजिमको रकम रहनेछ :

१. तोकिएको सदस्यता शुल्क तथा लेवीबाट प्राप्त रकम,

२. समर्थक शुभचिन्तकबाट प्राप्त सहयोग रकम,

३. प्रकाशन बिक्री वितरणबाट प्राप्त रकम,

४. पार्टी सम्पत्तिको परिचालनबाट प्राप्त रकम,

५. विशेष कार्यक्रम वा अभियानवाट संकलित रकम।

(ख) सबै प्रदेश तथा स्थानीय पार्टी कमिटीहरूले आफ्नो मातहतका कमिटी र सदस्यहरूबाट सदस्यता शुल्क एवं लेवी र समर्थक-शुभचिन्तकहरूबाट सहयोग सङ्कलन गरी आफ्नो तहको कोष निर्माण र सञ्चालन गर्नेछन्।

(ग) पार्टी कोषको व्यवस्थापन र सञ्चालन पार्टीको आर्थिक विनियम अनुसार हुनेछ।

**धारा-७०. कार्यकर्ता संरक्षण कोष :**

(क). पार्टी कार्यकर्ता संरक्षणको लागि एउटा छुट्टै कोष हुनेछ।

(ख) यसको सञ्चालन एक छुट्टै विनियम अनुसार गरिनेछ।

(ग) केन्द्रीय कमिटीको अनुमति लिएर यस्तो कोष प्रदेश र जिल्ला कमिटी तहसम्म पनि स्थापना गर्न सकिनेछ।

**धारा-७१. पार्टी सम्पत्ति :**

(क) पार्टीको नाममा भएका चल, अचल, जिन्सी र बौद्धिकलगायत सम्पूर्ण सम्पत्तिमा पार्टी केन्द्रीय कमिटीको पूर्ण स्वामित्व रहने छ। त्यसको लगत तोकिए बमोजिम राखिनेछ।

(ख) केन्द्रीय कमिटीको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही रहने छैन।

(ग) पार्टी सम्पत्तिको परिचालन पार्टीको आर्थिक विनियम बमोजिम हुनेछ।

**धारा-७२. पारिश्रमिक र खर्च व्यवस्था**

(क) परिभाषित जिम्मेवारीसहित पूर्ण समय पार्टी काममा लगाउने व्यक्तिलाई सम्बन्धित पार्टी कमिटीले पारिश्रमिकको वा खर्चको व्यवस्था गर्नसक्नेछ ।

(ख) पार्टीका कुनै विशेष काममा पार्टी नेता वा कार्यकर्तालाई खटाउँदा हुने खर्चको व्यवस्था पार्टीले गर्न सक्नेछ । ।

**धारा-७३. लेखा र लेखापरीक्षण :**

(क) पार्टीको सबै तहमा आय-व्ययको लेखा केन्द्रीय लेखापरीक्षण आयोगले तोके बमोजिम राखिनेछ ।

(ख) सबै कमिटीहरूले पार्टीको आर्थिक विनियम अनुसार आफ्नो आय व्ययको लेखा राख्नेछन् ।

(ग) प्रत्येक पार्टी कमिटीले हरेक आर्थिक वर्षभित्र लेखापरीक्षण गराई माथिल्लो कमिटीमा पेश गर्नुपर्नेछ र आफ्नो तहको अधिवेशनमा सिङ्गो अवधिको लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

(घ) लेखा र लेखापरीक्षणसम्बन्धी अन्य कार्य तोकिए बमोजिम हुनेछ ।

# अध्याय सोह्र

## विधान संशोधन

**धारा-७४. विधान संशोधन प्रस्ताव :**

(क) केन्द्रीय कमिटीले विधान संशोधन सम्बन्धी लिखित प्रस्ताव राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय सम्मेलनमा प्रस्तुत गर्नेछ ।

(ख) धारा ७२ (क) बमोजिम प्रस्तुत प्रस्तावमाथि राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय सम्मेलनमा छलफल हुनुभन्दा कम्तिमा १ महिना अगाडि प्रदेश र स्थानीय कमिटीमा पाठाइने छ ।

(ग) विधानमा संशोधन पेश गर्न चाहने कमिटी र सदस्यले आफ्नो लिखित प्रस्ताव तोकिए बमोजिम प्रस्तुत गर्नु पर्नेछ ।

(घ) राष्ट्रिय महाधिवेश वा राष्ट्रिय सम्मेलनले केन्द्रीय कमिटीद्वारा प्रस्तुत प्रस्ताव र प्रदेश तथा स्थानीय कमिटीबाट आएका प्रस्ताव उपर समेत छलफल गरी आवश्यक देखेमा परिमार्जनसहित पारित गर्नेछ ।

# अध्याय सत्र

## विविध

**धारा-७५. कार्यालय सञ्चालन** :

(क) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने छ । यसको सञ्चालन केन्द्रीय कमिटीले गर्नेछ ।

(ख) प्रदेश तथा स्थानीय कमिटीहरूले आ-आफ्नो तहका कार्यालय सञ्चालन गर्नेछन् ।

**धारा-७६. सम्पत्ति विवरण** :

(क) धारा २१ (च) २ र धारा २९ (घ) २ मा उल्लेखित व्यक्तिले देहाय बमोजिम सम्पत्ति विवरण बुझाउनु पर्नेछ :

१. आफू निर्वाचित वा मनोनित वा नियुक्त भएको दुई महिनाभित्र तोकिएको ढाँचामा आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको विवरण,

२. आफू सो पदमा रहुञ्जेल आर्थिक वर्ष पूरा भएको ६० दिनभित्र तोकिएको ढाँचामा आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको अद्यावधिक विवरण,

**धारा-७७. दुई तिहाई बहुमत चाहिने** :

(क) नेपालको संविधानले व्यवस्था गरेको सङ्घीय संसदको दुई तिहाई बहुमतबाट अनुमोदित हुनुपर्ने विषयमा निर्णय लिंदा पार्टी केन्द्रीय कमिटीको दुईतिहाई बहुमत आवश्यक हुनेछ ।

**धारा-७८. प्रतिष्ठान** :

(क) पार्टी सम्बद्ध दुई प्रकारका प्रतिष्ठानहरू रहने छन् :

१. स्मृति प्रतिष्ठान

२. अध्ययन–अनुसन्धान प्रतिष्ठान

(ख) दिवङ्गत पार्टी नेताहरूका नाममा स्थापित स्मृति प्रतिष्ठानहरूले पार्टीको मूल नीति र विधान विपरीत नहुने गरी वैचारिक एवं सामाजिक काम गर्नेछन् ।

(ग) अध्ययन–अनुसन्धान प्रतिष्ठानले समाज विज्ञानका विभिन्न विधाहरूमा अध्ययन–अनुसन्धान गरेर विविध सामग्रीहरू तयार पारी पार्टी नीतिलाई समृद्ध पार्न सहयोग गर्नेछन् ।

(घ) प्रतिष्ठानहरूको ढाँचा, पार्टी हैसियत, सञ्चालन विधि तथा अधिकार र कर्तव्य प्रतिष्ठान सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

**धारा-७९. नियम बनाउने अधिकार**

(क) केन्द्रीय कमिटीले विधानसँग नबाझिने गरी नियमावली, विनियम, निर्देशिका र आचारसंहिता निर्माण गरी लागू गर्न सक्नेछ ।

**धारा-८०. बाधा अड्काऊ फुकाउने**

(क) यस विधानको कार्यान्वयनमा कुनै बाधा-अड्काऊ पर्न आएमा केन्द्रीय कमिटीले उक्त बाधा-अड्काउलाई फुकाउने छ । त्यसको अनुमोदन राष्ट्रिय महाधिवेशनबाट गराउनु पर्नेछ ।

## अनुसूची-१

**झण्डा**

(विधानको धारा ३ सँग सम्बन्धित)

पार्टीको झण्डा रातो भूईंमा बायाँ भागको माथिल्लो कुनामा सेतो रङ्गको हँसिया र हथौडा खप्टिएको चिन्ह अङ्कित हुनेछ । त्यसको लम्वाई-चौडाई ३:२ अनुपातको रहनेछ ।



## अनुसूचि - २

**छाप**

(विधानको धारा ४ सँग सम्बन्धित)

पार्टीको छाप गोलाकारमा पार्टीको नाम लेखिएको र केन्द्र भागमा पार्टी झण्डा रहेको हुनेछ ।




## अनुसूचि - ३

**चुनाव चिन्ह**

(विधानको धारा ६ सँग सम्बन्धित)

पार्टीको चुनाव चिन्ह कलम हुनेछ ।



# अनुसूची- ४

पार्टीको प्रतिक चिन्ह गोलाकारमा पार्टीको नाम लेखिएको र केन्द्र भागमा कलम रहेको हुनेछ ।

नेकपा (एकीकृत समाजवादी)
CPN (Unified Socialist)

# अनुसूची- ५

## नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

अनुसूची-४

### सङ्गठित पार्टी सदस्यता आवेदन फारम

(विधानको धारा १० (ख) सँग सम्बन्धित)

फोटो

**कमरेड अध्यक्ष,**

..............................................कमिटी

..............................................

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

मार्फत .................................. कमिटी,

मिति : ..............................

***मैले पार्टी विधानमा उल्लेखित योग्यता र मापदण्ड पूरा गरेकोले पार्टीको सङ्गठित सदस्यता प्रदान गरियोस भनी अनुरोध गर्दछु । मेरो व्यक्तिगत विवरण निम्नानुसार छ :***

१. नाम थर : ..........................................................

२. जाती/समुदाय : ........................................................

३. स्थायी ठेगाना : ...................................................

४. अस्थायी ठेगाना : ....................................................

५. आमाको नाम : ....................................................

६. बाबुको नाम : .........................................................

७. जन्म मिति : .......................................................

८. वर्ग : ...................................................................

९. नागरिकता नं. र जिल्ला : ......................................

१०. शिक्षा : ...............................................................

११. पेशा : ..........................................................

१२. पार्टी सदस्यता प्राप्त मिति : .......................................

१३. इमेल : .........................................................

१४. सम्पर्क नं. ...........................................................

१५. संक्षिप्त राजनीतिक पृष्ठभूमि : ..........................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

पार्टी सदस्यता पत्रको प्रमाणित प्रतिलिपी यसै साथ संलग्न गरेको छु ।

.....................

आवेदकको हस्ताक्षर

***सिफारिस :***

म आवेदकलाई राम्ररी चिन्दछु । निजको पार्टी जीवनको अध्ययन गर्दा पार्टीको सङ्गठित सदस्यता प्रदान गर्न उपयुक्त हुने देखिएकाले सिफारिस गर्दछु ।

१. नाम थर : .................................. कमिटी र पद : ...................... ठेगाना : ....................... हस्ताक्षर............

२. नाम थर : .................................. कमिटी र पद : ...................... ठेगाना : ....................... हस्ताक्षर............

शिफारिस गर्ने कमिटी : ....................... बैठक मिति : ..................... अध्यक्षको नाम : ..................... हस्ताक्षर............

निर्णय गर्ने कमिटी : ........................... बैठक मिति : ......................अध्यक्षको नाम : ..................... हस्ताक्षर............

अनुमोदन गर्ने कमिटी : ....................... बैठक मिति : ..................... अध्यक्षको नाम :....................... हस्ताक्षर............

# अनुसूची- ६

## पार्टी सदस्यता पत्र

## (विधानका धारा १८ (क) सँग सम्बन्धित)

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

पार्टी सदस्यता आवेदन

नं.

**कमरेड अध्यक्ष,**

........................ कमिटी ........................

मैले पार्टी विधानको धारा ९(क) को योग्यता पुरा गरेकोले पार्टी सदस्यता प्रदान गरियोस् भनी अनुरोध गर्दछु ।

नाम थर : ..............................................

ठेगाना : ..............................................

हस्ताक्षर : ..............................................

सिफारिशकर्ता :

नाम, थर : ..............................................

हस्ताक्षर : ..............................................

मिति : ..............................................

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

पार्टी सदस्यता-पत्र

फोटो

नं.

नाम थर : ..............................................

ठेगाना : ..............................................

जन्म मिति : ..............................................

पार्टी सदस्यता प्राप्त मिति : ..............................................

प्रदान गर्ने : नाम थर : ..............................................

कमिटी : .................................... हस्ताक्षर : ................................

पद : .................................... मिति : ................................

# अनुसूचि नं. ७

## सङ्गठित पार्टी सदस्यता पत्र

## (विधानको धारा १८ (ख) सँग सम्बन्धित)

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)

सङ्गठित पार्टी सदस्यता-पत्र

फोटो

सदस्यता नं. : ..............................................

नाम थर : .............................................. प्रमाणित गर्नेको हस्ताक्षर : ..............................................

स्थायी ठेगाना : .............................................. नाम थर : ..............................................

जन्म मिति : .............................................. कमिटी र पद : ..............................................

सदस्यता प्राप्त मिति : .............................................. प्रमाणित गरेको मिति : ..............................................

| नविकरण मिति | नविकरण गर्नेको नाम, थर | कमिटी, पद | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# अनुसूची- ८

## मानार्थ सदस्यता पत्र

(विधानका धारा १८ (ग) सँग सम्बन्धित)

**नेपाल कम्युनिष्ट पार्टी**
**(एकीकृत समाजवादी)**

फोटो

**मानार्थ सदस्यता-पत्र**

सदस्यता नं. : ..................

नाम थर : .................. प्रमाणित गर्नेको हस्ताक्षर : ..................

स्थायी ठेगाना : .................. नाम थर : ..................

जन्म मिति : .................. कमिटी र पद : ..................

सदस्यता प्राप्त मिति : .................. प्रमाणित गरेको मिति : ..................

# अनुसूची-९

## परिचय-पत्र

(विधानका धारा १८ (घ) सँग सम्बन्धित)

**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)**

फोटो

**परिचय-पत्र**

नाम थर : ..................

स्थायी ठेगाना : .................. प्रमाणित गर्नेको हस्ताक्षर : ..................

जन्म मिति : .................. नाम थर : ..................

नागरिकता नं. : .................. कमिटी : ..................

कमिटी र पद : .................. पद : ..................

सम्पर्क नं. : .................. मान्य अवधी : ..................

(यो कार्ड हराएको भेटिएमा पार्टी केन्द्रीय कार्यालयमा बुझाई दिनुहोला)

## अनुसूची- १०

### शपथको व्यहोरा

### (विधानका धारा ४८ सँग सम्बन्धित)

म ........ ..... ..... नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को ...................... ...... ....... जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडीमा शहीदको रगतद्वारा रञ्जित पार्टी झण्डासामु उभिएर प्रतिज्ञा गर्दछु :

म पार्टीको मार्गदर्शक सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताकासाथ अनुशरण गर्दै पार्टी विधानलाई इमान्दारीकासाथ पालन गर्नेछु । पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन बिताउने छु र सबैखाले प्रतिकृयावादी शक्ति, गलत विचार र गलत व्यवहारका विरुद्ध दृढतापूर्वक जुझिरहने छु ।

– नेपाली क्रान्ति - जिन्दावाद !

– मार्क्सवाद-लेनिनवाद - जिन्दावाद !

– आदरणीय अमर-शहीदहरू - लालसलाम !

– नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) - जिन्दावाद ! जिन्दावाद !!

मिति : .........................

हस्ताक्षर : ......................................

नाम थर : ......................................

ठेगाना : ........................................

# हाम्रो विद्रोह किन ?

- केपी ओली गुटले नेकपा (एमाले) लाई दक्षिणपन्थी अवसरवादको भासमा डुबाउँदै लगेकाले नेपाली कम्युनिष्ट आन्दोलनलाई दक्षिणपन्थी अवसरवादको भासमा डुब्नबाट जोगाउदै क्रान्तिकारी धारको रक्षा र विकास गर्न ।
- केपी ओली गुटले मार्क्सवाद-लेनिनवादका मूलभूत सिद्धान्त (द्वन्दात्मक भौतिकवादी विश्व दृष्टिकोण, परिवर्तनकारी दृष्टिकोण, श्रमजीवी वर्गको पक्षपोषण गर्ने दृष्टिकोण, जन-सार्वभौमसत्ताको दृष्टिकोण र सिद्धान्त र व्यवहारबिच एकरूपताको दृष्टिकोण) को परित्याग गरेकाले तिनीहरूको रक्षा र सिर्जनात्मक प्रगोग गर्न ।
- जनताको बहुदलीय जनवादका मुख्य विशेषताहरू (विचारको विविधता स्वीकार एवं अङ्गिकार गर्ने, लोकतान्त्रिक विधि पद्धति अवलम्बन गर्ने र जनपक्षीय आचरण एवं व्यवहार गर्ने) परित्याग गरेको हुनाले जबजका मूलभूत सैद्धान्तिक मूल्यमान्यताहरूको रक्षा र विकास गर्दै समाजवादको दिशामा अगाडि बढ्न ।
- पार्टीको तर्फबाट सरकार सञ्चालनको नेतृत्व गर्दा केपी ओलीले जनताको बहुदलीय जनवादले अगाडि सारेका आर्थिक, सामाजिक र सांस्कृतिक कार्यक्रमहरूको कार्यान्वयन गर्दै नेपाली समाजको आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण गर्ने कार्य नगरी दलाल पुँजीपतिहरूको सोवामा आफूलाई समर्पित गरेकाले आम जनताको हितमा राष्ट्रिय पुँजीको निर्माण गर्दै समाजवादको लक्ष्य प्राप्त गर्न सक्ने क्रान्तिकारी तथा जनमुखी पार्टी निर्माण गर्न ।
- दुई ठूला कम्युनिष्ट पार्टीको गठबन्धनलाई प्राप्त जनमतका आधारमा सरकारमा बसेर केपी ओली गुटले देश, जनता र राष्ट्रको हितविरुद्ध गतिविधि गरेकाले देश, जनता र राष्ट्र विरोधी गतिविधिलाई रोक्न र देश, जनता र राष्ट्रको पक्षमा काम गर्न,
- नेपाली जनताले लामो र कष्टसाध्य सङ्घर्षबाट प्राप्त गरेको लोकतन्त्र समाप्त गर्ने षड्यन्त्रमा केपी ओली गुट लागेकाले त्यस षड्यन्त्रलाई विफल पारी लोकतन्त्रको रक्षा र विकास गर्न ।
- नेपाली जनताले आफ्ना प्रतिनिधिमार्फत आफै बनाएको संविधानमाथि केपी ओली गुटले पटक-पटक हमला गरिएको हुनाले त्यस हमलालाई विफल पारी संविधानको रक्षा र पूर्ण कार्यान्वयन गर्न ।
- गत निर्वाचनमा जनतासामु गरिएका प्रतिबद्धता अनुरूप काम गर्न कुनै तत्परता नदेखाउने मात्र होइन जनता कोभिड १९को महामारीबाट आक्रान्त हुँदा न्यूनमत स्वास्थ्य सुविधा उपलब्ध गराउन समेत कुनै पहल नगर्ने तथा स्वास्थ्य सामाग्रीहरुको खरिदमा व्यापक भष्ट्राचार गर्ने, कोभिड १९को नियन्त्रण गर्न आवश्यक पहलकदमी लिनुको साटो असंवैधानिक रूपमा संसदको दुई दुई पटक विघटन गर्ने, संविधान र व्यवस्था विरोधीहरूसँग साँठगाँठ गर्दै संविधान र गणतन्त्रका विरुद्धमा षड्यन्त्र गर्न केपी ओली गुट लागेकाले संविधान र व्यवस्थाको रक्षा गर्न ।
- केपी ओली गुटले प्रश्रय दिएका भ्रष्टाचार, कुशासन, कमिशनखोरी, नातावाद, कृपावादजस्ता गलत कार्यको विरोध गर्दै सदाचार, सुशासन, स्वच्छता, पारदर्शीता र निस्पक्षताका साथ जनहितमा कार्य गर्न ।

# नेकपा (एकीकृत समाजवादी) कस्तो पार्टी हो ?

- यो पार्टी समाजको अग्रगतिका निम्ति अभियान सञ्चालन गर्ने पार्टी हो ।
- यो पार्टी देश र जनतालाई दलाल पुँजीवादीहरूको घेरामा कैद गर्ने होइन राष्ट्रिय पुँजीको निर्माण गर्दै वैज्ञानिक समाजवादी लक्ष्य प्राप्तिका लागि स्पष्ट समाजवादी कार्यदिशा अँगालेको पार्टी हो ।
- यो पार्टी व्यक्तिका इच्छा आकाङ्क्षामा चल्ने होइन, विचार र विधिका आधारमा चल्ने पार्टी हो ।
- यो पार्टी 'व्यक्तिवादी होइन, विचारवादी' पार्टी हो ।
- यो पार्टी 'नेता प्रधान होइन, नीति प्रधान' पार्टी हो ।
- यो पार्टी स्पष्ट नीति, विधि र पद्धतिका आधारमा संस्थागत ढङ्गले चल्ने पार्टी हो ।
- यो पार्टी भ्रष्टाचार, कुशासन, कमिशनतन्त्र, नाताबाद, कृपावाद र उपभोक्तावादलगायत सबैखाले विकृति विसङ्गतिका विरुद्ध सङ्घर्ष गर्ने पार्टी हो ।
- यो पार्टी समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक, भाषिक, धार्मिक सांस्कृतिकलगायत सबैखाले विभेदको अन्त्यका निम्ति अभियान सञ्चालन गर्ने पार्टी हो ।
- यो पार्टी राजनीतिक जागरण एवं जनजागरण अभियान सञ्चालन गर्ने पार्टी हो ।
- यो पार्टी केवल 'चुनावदेखि चुनावसम्म' को मान्यतामा चल्ने पार्टी होइन, 'जनतादेखि जनतासम्म' को जनकेन्द्रित नीति लिएर जनताको बिचमा जाने जन आधारित पार्टी हो ।

**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)**
**केन्द्रीय कार्यालय**
मिनभवन आलोकनगर, बागमती कोरिडोर, काठमाडौं
फोन : ०१ ४१०६३०२/४१०६३०३
Email: info.cpnus@gmail.com | Url : www.cpns.org.np